

# जिउने एउटा नयाँ तरिका

## ख्रीष्टलाई ग्रहण गर्नुको अर्थ कसरी बुझ्ने

जॉयस मेयर
न्यूयोर्क टाइम्स्का सर्वाधिक बिक्री हुने पुस्तकहरुकी लेखिका

# जिउने एउटा नयाँ तरिका

# जिउने एउटा नयाँ तरिका

## ख्रीष्टलाई ग्रहण गर्नुको अर्थ कसरी बुझ्ने

जॉयस मेयर

Joyce Meyer Ministries®
Nanakramguda, Hyderabad - 500 008

If you purchase this book without a cover you should be aware that this book may have been stolen property and reported as "unsold and destroyed" to the publisher. In such case neither the author nor the publisher has received any payment for this "stripped book."

Unless otherwise indicated, all Scripture quotations are taken from THE AMPLIFIED BIBLE: Old Testament. Copyright © 1962, 1964 by Zondervan Publishing House (used by permission); THE KING JAMES VERSION; and from THE AMPLIFIED NEW TESTAMENT. Copyright© 1958 by the Lockman Foundation (used by permission).

The author would like to acknowledge that the story used in chapter 3, on pages 11-13 is on original sermon illustration by Dr. Monroe Parker and is used by permission of Gospel Projects Press,
P.O. Box 643, Milton, FL 32572: copyright 1977.
www.childrensbibleclub.com

Copyright © 2014 by Joyce Meyer Ministries - Asia

All rights reserved. No part of this publication may be reproduced, distributed, or transmitted in any form or by any means, or stored in a database or retrieval system, without the prior written permission of Joyce Meyer Ministries - Asia.

Joyce Meyer Ministries - Asia
Nanakramguda, Hyderabad - 500 008
Phone: +91-40-2300 6777
Website: www.jmmindia.org

A New Way of Living - Nepali
*Understanding What It Means to Accept Christ*

# विषयसूची


| | | |
|---|---|---|
| 1. | जीवनको सबैभन्दा महत्त्वपूर्ण निर्णय | 1 |
| 2. | हामी सबैले पाप गरेका छौँ! | 6 |
| 3. | आत्मसमर्पण गर्ने बेला आएको छ! | 12 |
| 4. | जिउने एउटा नयाँ तरिका | 18 |
| 5. | सोच्ने एउटा नयाँ तरिका | 28 |
| 6. | कुराकानी गर्ने एउटा नयाँ तरिका | 36 |
| 7. | आफैलाई हेर्ने एउटा नयाँ तरिका | 41 |
| 8. | डरको साटो विश्वास | 48 |
| 9. | जीवनमा रमाउनुहोस्! | 53 |
| | उद्धारको लागि प्रार्थना | 57 |
| | स्रोतका लागि केही सुझावहरु | 59 |

# *अध्याय 9*

# जीवनको सबैभन्दा महत्त्वपूर्ण निर्णय

के तपाईँ असन्तुष्ट हुनुहुन्छ? त्यसो हो भने तपाईँ एक्लो हुनुहुन्न। हजारौं मानिसहरु थाकेर दिक्क भई खोक्रो र अपुग भएको महसुस गर्दछन्। धेरैले यी सबै थोकको निवारण हुने आशाले धर्मलाई अँगाल्न पुगेका छन्। फलस्वरुप तिनीहरुको जीवन झनै गरुङ्गो र निर्जीव हुन पुगेको छ। पालनै गर्न नसक्ने नियमले बाँधिएपछि मानिसहरुको जीवन साह्रै अप्ठ्यारो भएको छ। यदि तपाईले कुनै समयमा धर्मलाई अँगाल्नु भएको भए यसको अर्थ तपाईँले परमेश्वरलाईँ अँगाल्नु भएको भन्ने लाग्दैन। धर्मले तपाईँको खोक्रो, दिक्दारलाग्दो र आत्मग्लानिले भरिएको जीवनलाई कुनै राहत दिँदैन।

यदि तपाईँ आफूलाई प्रेम गर्ने र पाप क्षमा गर्ने एउटा मित्र चाहनुहुन्छ र राम्रो भविष्य चाहनुहुन्छ भने तपाईँका लागि केवल एउटा उपाय छ र त्यो हो येशू ख्रीष्ट । तपाईँलाई नयाँ जीवन दिन उहाँ सधैँ तयार हुनुहुन्छ । उहाँले तपाईँलाई एउटा नयाँ सृष्टि बनाउन चाहनुहुन्छ ।

यदि तपाईँ जीवनमा असन्तुष्ट हुनुहुन्छ भने तपाईँले आफूमा केही न केही त परिवर्तन ल्याउनै पर्छ। हामीले पहिले गर्दै आएका कामहरु अझ पनि गरिरह्यौं भने हाम्रो जविन जस्ताको तस्तै रहन्छ। अब तपाईँले एउटा निर्णय गर्नुपऱ्यो र त्यो निर्णय तपाईँको जीवनको सबैभन्दा महत्त्वपूर्ण निर्णय हुनेछ।

यो निर्णय तपाईँको पेसाको छनोट, गर्ने, पढ्ने कलेज चुन्ने, कसलाई विवाह, गर्ने, कसरी पेसामा लगानी गर्ने, कहाँ बसोबास, गर्ने जस्ता निर्णयहरुभन्दा बढी महत्त्वपूर्ण छ। यो निर्णयसँग अनन्त जीवन गाँसिएको छ। अनन्तको कुनै टुङ्गो हुँदैन र हामी हरेकले आफ्नो अनन्त कहाँ बिताउँछौँ सो थाहा पाउनुपर्छ। मृत्युपछि पनि जीवन छ। जब तपाईँ मर्नुहुन्छ, तपाईँको अन्त हुन्छ तब अर्को ठाउँमा जिउनुहुन्छ। यस्तो भनिन्छ, मर्नु भनेको घुम्ने ढोकाभित्र छिर्नुजस्तै हो। मरणोपरान्त तपाईँ एउटा ठाउँ छोडेर अर्को ठाउँमा जानुहुन्छ।

के तपाईँलाई यस संसारमा छँदै परमेश्वरसँग सम्बन्ध गाँसेर अनन्तसम्मै उहाँसँग जिउने इच्छा छ? यदि छ भने तपाईँले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनेर स्वीकार्नुपर्छ। हामी सबैले पाप गरेका छौं र सबैलाई मुक्तिदाताको आवश्यकता छ। हाम्रो पापको मोल तिर्न परमेश्वरले आफ्नो एकमात्र पुत्र पठाउनुभयो। उहाँलाई क्रूसमा टाँगियो र उहाँले आफ्नो दोषरहित रगतले हाम्रो पापको मोल तिर्नुभयो। येशू ख्रीष्ट मर्नुभयो, गाडिनुभयो र तेस्रो दिनमा मरेकाबाट बौरी उठ्नुभयो। अहिले येशू परमेश्वर पिताको दाहिने हातपट्टि बस्नुभएको छ। तपाईँले शान्ति, आनन्द प्राप्त गर्ने हो र परमेश्वरसँग उभिन पाउने हो भने एकमात्र आशा येशू ख्रीष्ट हुनुहुन्छ।

पापबाट छुटकारा पाउनका लागि पवित्र बाइबलले हामीलाई के कुरा सिकाउँछ भने हाम्रा येशू नै प्रभु हुनुहुन्छ। परमेश्वरले येशूलाई मरेकाबाट बौरी उठाउनुभयो भन्ने तथ्य हामीले हृदयभित्र विश्वास गर्नुपर्छ।

> "यदि तिमीले येशूलाई प्रभु हुन् भनी आफ्नो मुखले स्विकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ।"
>
> – रोमी १०:९

विश्वास गर्नु भनेको केवल मस्तिष्कले स्वीकार्ने मात्र नभई इमानदारीका साथ हृदयभित्रबाट ग्रहण गर्नु हो। धेरै मानिसहरुले परमेश्वर हुनुहुन्छ भनेर विश्वास गर्छन्, तर आफ्नो जीवन उहाँमा समर्पण गरेका हुँदैनन्। परमेश्वर हुनुहुन्छ र तपाईंले स्वइच्छाले खुसीसाथ आफ्नो जीवन उहाँलाई समर्पण गरेको उहाँले चाहनुहुन्छ। परमेश्वरले तपाईंलाई स्वतन्त्र इच्छा दिएर सृष्टि गर्नुभयो। त्यसकारण उहाँले तपाईंलाई तपाईको इच्छा विपरीत कुनै काम गर्न लगाउनुहुन्न। तर तपाईंको निर्णयले तपाईंको जीवनको गुणस्तरमा पक्कै फरक पार्छ र यही निर्णयले मरणोपरान्त आफ्नो जीवन कहाँ बिताउनुहुन्छ सो तय गर्छ।

के तपाईंले आफ्नो जीवन राम्रैसँग जिउनु भएको छ? यदि छैन भने जसले तपाईंलाई सृष्टि गर्नुभएको हो, उहाँलाई नै तपाईंको जीवन फिर्ता गर्नुहोस्। तपाईंलाई आफ्ना बारेमा थोरै मात्र कुरा थाहा छ तर परमेश्वरले तपाईंका सबै कुरा जान्नुहुन्छ। यदि मेरो गाडी बिग्रियो भने म त्यसलाई

बनाउने व्यक्तिकहाँ लिएर जान्छु। उसले मेरो गाडी बनाइदिन्छ। परमेश्वरसँग पनि यही सिद्धान्त लागू हुन्छ, उहाँले तपाईंलाई बनाउनुभयो र तपाईंलाई असाध्यै प्रेम गर्नुहुन्छ। जीवनमा तपाईं सन्तुष्ट हुनुहुन्न भने उहाँकहाँ जानुहोस्, उहाँले सबथोक ठीक गरिदिनुहुन्छ।

मैले अघि भनेझैँ निर्णय नलिउन्जेल जीवनमा कुनै परिवर्तन हुनेछैन। के तपाईं ख्रीष्टियन बन्न चाहनुहुन्छ। के तपाईंको पापमात्र नभएर जीवन नै परमेश्वरमा समर्पण गर्न चाहनुहुन्छ? पापमय जीवन छोडेर परमेश्वरमा ग्रहणयोग्य एउटा नयाँ जीवन उहाँसँग र उहाँका लागि जीउन चाहनुहुन्छ? यदि चाहनुहुन्छ भने पढ्न नछोड्नुहोस्। कारण तपाईंले कहिल्यै कल्पना गर्न नसकेको सबभन्दा असल जीवनले तपाईंलाई पर्खिरहेको छ। यो जीवन सबैलाई उपलब्ध छ। यसमा कसैलाई पनि रोकावट छैन। परमेश्वरले तपाईंको भविष्यको जीवनबारे यसरी भन्नुहुन्छः

> "जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ। ती तिमीहरुको उन्नतिका निम्ति हुन्, नोक्सानका निम्ति होइनन्, तिमीहरुलाई आशा दिलाउन र भविष्य सुधार्नलाई।"
>
> – यर्मिया २९:११

तपाईंबाहेक कोही अरुले तपाईंका लागि निर्णय लिइदिन सक्दैन। यो तपाईंको निर्णय हो र तपाईं आफैले लिनुपर्छ। कस्तो गुणस्तरको जीवन जिउन चाहनुहुन्छ? समाजले देखाउने उदाहरणको जीवन जिउन चाहनुहुन्छ? परमेश्वरको वचनले भन्छ "हामीले केही ल्याएनौं र केही लैजाने पनि छैनौं"

(१ तिमोथी ६:७)। परमेश्वर अल्फा र ओमेगा हुनुहुन्छ, आदि र अन्त हुनुहुन्छ। आदिमा परमेश्वर हुनुहुन्थ्यो र अन्तमा पनि उहाँ हुनुहुन्छ। हरेक मानिसले परमेश्वरका अधि उभिनै पर्छ र आफ्नो जीवनको लेखा दिनैपर्छ (रोमी १४:१२)। त्यसको तयारी गर्ने समय अहिले हो।

म सधैँ भन्ने गर्छु "हामी तयार हौं या नहौं, येशू आउँदै हुनुहुन्छ।" त्यसकारण अहिले तयार होऔं। समय छँदै ठीक निर्णय लिऔं, भोलि अबेर भइजाला।

# *अध्याय २*

# हामी सबैले पाप गरेका छौँ!

पाप भन्नाले आफूलाई जानकारी हुँदा पनि परमेश्वरको इच्छा विपरीत गएर  उहाँप्रति अनाज्ञाकारी बन्नु हो। हामी सबैले पाप गरेका छौं। संसारमा पाप कहिल्यै नगरेको व्यक्ति नै छैन (रोमी ३:२३,उपदेशक ७:२०)। यो त खराब समाचार हो तर साथसाथै एउटा असल खबर पनि छ। हामी सबैलाई क्षमा हुन सक्छ र परमेश्वरका नजरमा सबै ठीक पनि हुन सक्छौं।

येशूले तपाईँको पापको मोल तिरिसक्नुभएको छ। तपाईँले केवल विश्वास र ग्रहणमात्र गर्नुपर्छ। यदि तपाईँले आफ्ना पापहरु मानिलिनुहुन्छ, त्यसका लागि क्षमायाचना गर्नुहुन्छ र ती सबैबाट फर्केर आउनुहुन्छ भने परमेश्वरले तपाईँलाई क्षमा गर्नुहुन्छ र तपाईँलाई एउटा नयाँ व्यक्ति बनाउनुहुन्छ।

> "सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैमा धर्मी ठहरिएका छन्।"
>
> – रोमी ३:२३-२४

"यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ किनभने उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।"

– १ युहन्ना १-९

परमेश्वरले के गर्नुहोला भनेर पर्खेर बस्नुपर्ने आवश्यकता छैन। गर्नुपर्ने कुरा परमेश्वरले पहिले नै गरिसक्नुभएको छ। उहाँले आफ्नो एक्लो पुत्रलाई हाम्रो साटो मर्न पठाउनुभयो किनभने एउटा सिद्ध पापरहित भेटीले मात्र हाम्रो कुकर्मको मोल तिर्न सक्छ। हाम्रो लागि न्याय उपलब्ध छ। हामी स्वतन्त्रताका साथ येशू ख्रीष्टमा विश्वास गरी उहाँद्धारा परमेश्वरसँग नजिकको  सम्बन्धमा रहन सक्छौ। हामी परमेश्वरकहाँ आफ्नै तवरले जान सक्दैनौ। हामीलाई एउटा मध्यस्थकर्ताको आवश्यकता छ। परमेश्वर र हाम्रो बीचमा कुनै व्यक्ति चाहिन्छ र उहाँ हुनुहुन्छ येशू ख्रीष्ट। हामी र परमेश्वरबीचको खाडलमा उहाँ उभिनुभयो। यो खाडल हाम्रो पापले बनाएको थियो। आज येशूले हामीलाई परमेश्वरमा ल्याउनुहुन्छ।

जसरी एउटा सानो नानीमा उसको पिताका गुणहरु हुन्छन् (जस्तैः रगत, डिएनए), त्यसरी नै परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो जब संसारलाई उहाँले आफूमा ल्याउनुभयो। परमेश्वरले सृष्टि गर्नुभएको मानव जातिलाई प्रेम गर्नुहुन्छ। हामीहरु पापको दास बनेको उहाँ देख्न चाहनुहुन्न। पापबाट निक्लन एउटा बाटो पनि उहाँले बनाइदिनु भएको छ। येशू नै त्यो बाटो हुनुहुन्छ।

# पापले श्राप ल्याउँछ

पापले हामीलाई खोजेर निकाल्छ भनेर परमेश्वरको वचन अर्थात् बाइबलले हामीलाई बताउँछ (गन्ती ३२:२३)। पापले श्राप निम्त्याउँछ र आज्ञाकारिताले आशिष ल्याउँछ (व्यवस्था २८)। केही समयसम्म पाप गर्दै जाँदा केही नभएझैँ हुन्छ। पाप गरिरहने व्यक्तिको जीवन र अरुहरुको जीवनमा खास फरक नदेखिन सक्छ। तर अन्तमा हामीले चुनेको कुराको प्रमाण पक्कै देखिन्छ।

जब हामी पापमय जीवन चुन्छौँ, हाम्रो प्राणमा एकदमै पीडाको अनुभव हुन्छ। मानिस हाड र मासुले मात्र बनिएको प्राणी होइन। मानिस एउटा आत्मा हो र उसमा प्राण पनि छ जुन प्राणचाहिँ बुद्धि, अभिलाषा र भावनाले बनिएको छ। मानिसको व्यक्तित्व भनेकै यो हो। पापीहरुले आफ्नो दिमागमा पीडा भोग्छन्। तिनीहरुको मस्तिष्क दर्दनाक र मानसिक रुपमा पीडित हुन्छ। तिनीहरु जे गरे पनि, जेजति कमाए पनि कुनै कुराले सन्तुष्ट हुन सक्दैन्न्। तिनीहरु भावनात्मक रुपमा पीडित हुन्छन्। आफ्नो जीवन आफैले चलाउने निर्णय गरेका कारण जब आफैले सोचेझैँ कामहरु बन्दैन्न् तब तिनीहरु कूण्ठित र रिसाहा हुन्छन्। विश्वासको तरिकाबारे तिनीहरुलाई केही थाहा हुदैन। परमेश्वरमा विश्वास गर्ने, अर्थात् आफूभन्दा उच्च शक्तिमा विश्वास गर्ने कुरा तिनीहरुले बुझ्न सक्दैनन्। तिनीहरुको प्राणमा कहिल्यै आराम हुँदैन किनभने परमेश्वरमा भएको आराम विश्वासद्वारा मात्र आउँछ (हिब्रू ४:३)।

पाप भएको जीवन श्रापले भरिएको जीवन हो। यस्तो जीवनबाट कुनै

असल कुरा आउँदैन। परमेश्वरले उहाँबिना जीवन जिउन खोज्ने व्यक्तिका बारेमा यस्तो भन्नुहुन्छः

> "म मानिसहरुमाथि सङ्कट ल्याउनेछु र तिनीहरु अन्धा मानिसझैं हिँड्नेछन् किनभने तिनीहरुले परमप्रभुका विरुद्धमा पाप गरेका छन्। तिनीहरुको रगत धूलोसरि र तिनीहरुका आन्द्रा-भुँडीहरु फोहोरसरि फ्याँकिनेछन्। परमप्रभुका कोधको दिनमा न तिनीहरुको चाँदीले न त तिनीहरुको सुनले नै तिनीहरुलाई बचाउन सक्नेछ। उहाँको डाहको आगोले सारा संसारै भस्म पार्नेछ, किनभने पृथ्वीमा बस्नेहरु सबैलाई उहाँले अचानक भस्म पार्नुहुनेछ।"
>
> – सपन्याह १:१७-१८

माथि उल्लिखित वचनहरु भयानक छन् तर यो वचनले येशू ख्रीष्टमा विश्वास गर्ने व्यक्तिमा कुनै डर उत्पन्न गर्दैन। येशू ख्रीष्टमा विश्वास गर्ने व्यक्तिलाई कहिले पनि परमेश्वरको न्याय र दण्ड भोग्नुपर्दैन (युहन्ना ३:१८)।

## दोष र दण्ड

एउटा पापी मानिस सधैँ आफूसँग दोष लिएर हिँड्छ। दोषबाट टाढा बस्न उसले अनेक थरी काम गर्छ तर उसको जीवन ठीक छैन भनेर हृदयभित्र उसलाई थाहा हुन्छ। पापीहरु दोषरहित हुन सक्दैनन् भन्ने कुरा येशूले भन्नुभएको छ (युहन्ना ९:४१)।

बाइबल धर्मशास्त्र दुईवटा खण्डमा विभाजित छ। ती दुई खण्ड हुन् पुरानो नियम र नयाँ नियम। पुरानो नियम पुरानो भएकाले यसलाई यसरी नामकरण गरिएको हो। यस खण्डले परमेश्वरले मानिसहरुसँग गर्नुभएको पुरानो सम्झौतालाई जनाउँछ। येशूले नयाँ सम्झौता नगरुन्जेलसम्म यसद्वारा परमेश्वरले मानिसहरुको पापलाई छोप्नुभयो। बलिदान दिने प्रक्रियाद्वारा मानिसको पापलाई छोप्न सकिन्थ्यो तर हटाउन भने सकिने थिएन। दोष पनि हट्‌दैनथ्यो। तर नयाँ नियम अथवा नयाँ करारअनुसार हाम्रा लागि एउटा शघ्रि र अन्तिम बलिदान छ जसद्वारा पाप छोपिने हैन बरु पापको नाम निसाना नै हटाइन्छ। यो बलिदानले पापलाई (सम्पूर्ण रुपले) पखालेर हटाउने मात्र नभई त्यससँग भएको दोषलाई पनि एकैसाथ हटाउँछ।

तल दिइएका वचनहरु बिस्तारै पढ्नुहोस् र लेखिएका कुराहरुमा भएको शक्तिका बारेमा केही बेर मनन गर्नुहोस्। यी वचनहरु बाइबलको हिब्रू नामक ग्रन्थबाट उद्धृत गरिएका हुन्।

> "त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाका निम्ति हामी पवित्र बनाइएका छौं।"
>
> – हिब्रू १०:१०

> "ख्रीष्टले पापहरुका निम्ति सदाका लागि एउटै बलिदान चढाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो।"
>
> – हिब्रू १०:१२

"ती दिनपछि तिनीहरुसँग बाँध्ने मेरो करार यही हो। परमप्रभु भन्नुहुन्छ, तिनीहरुका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु र तिनीहरुका मनमा पनि म त्यो लेखिदिनेछु।"

– हिब्रू १०:१६-१७

"हाम्रो हुदयलाई खराब विवेकबाट छिटोद्वारा चोख्याएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हुदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔ।"

– हिब्रू १०:२२

यी वचनहरुले हामीलाई अति महत्वपूर्ण र सुन्दर कुराहरुका बारेमा जानकारी दिन्छन्। पहिलो चाहिँ येशू ख्रीष्ट हाम्रा लागि बलि भइसक्नुभयो। यसको अर्थ हाम्रा लागि अबदेखि कुनै बलिको खाँचो पर्नेछैन। पुरानो नियम/करारअनुसार एकपछि अर्को बलि दिँदै जानु पर्थ्यो तर पनि पाप भने पूर्ण रुपले हटेर जाँदैनथ्यो। येशू त्यस्तो एउटा बलिदान बन्नुभयो जो सधैँका लागि असल हुनुहुन्छ र जसले पाप अनि दोष पनि हटाउनुहुन्छ।

वास्तवमा परमेश्वरले दोष हटाइदिनुभयो तर आत्मग्लानि र दोषबाट स्वतन्त्र हुन हामीले सिक्नुपर्छ। यसर्थ ख्रीष्टका लागि नयाँ जीवन जिउँदा भावनाद्वारा उत्प्रेरित हुनुहुँदैन। हामीले हाम्रो भावनालाई आफ्नो जीवनमा राज्य गर्न दिनुहुँदैन। हामीले परमेश्वरको वचन पढेर त्यसलाई पालन गर्नुपर्छ। हाम्रा मनका भावनाले हामीलाई अल्भाउन दिनुहुँदैन। यदि हामीले परमेश्वरमा आज्ञाकारी जीवन बिताउँछौँ भने हाम्रा निम्ति तुलना नै गर्न नसकिने आशिष आउँछ।

# अध्याय ३

# आत्मसमर्पण गर्ने बेला आएको छ!

हुन सक्छ तपाईंले येशू ख्रीष्टलाई पाएर यो किताब पढ्नुभएको होला अथवा ख्रीष्टलाई स्वीकार नगर्दै पनि पढ्न इच्छा जागेर पढ्नुभएको होला। यदि ख्रीष्टलाई विश्वास गरेर पढ्नुभएको हो भने यो किताबद्वारा तपाईंले नयाँ जीवन कसरी जिउने भनेर सिक्ने आशा गर्नुभएको हुनुपर्छ। यदि ख्रीष्टलाई विश्वास नगर्नुभएको भए अब निर्णय लिन तयार हुनुहुन्छ भनी म आशा गर्छु।

युहन्ना ३:१६ मा यस्तो लेखिएको छ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि जसले उहाँमा विश्वास गर्छ त्यो नाश नहोस् बरु त्यसले अनन्त जीवन पाओस्।"

अब म एउटा कथा भन्न चाहन्छु जसद्वारा तपाईंले माथि दिइएको पदको अर्थ बुझ्न सक्नुहुन्छ।

एकदिनको कुरो हो, सिकागो भन्ने एउटा अमेरिकी सहरमा अकस्मात् चिसो भयो र हुरी पनि सुरु भयो। त्यतिखेर बाटाको कुनामा बसेर एउटा सानो बालकले खबरपत्रिका बेच्ने प्रयास गर्दै थियो। सबै मानिसहरु जाडोका

कारण आ-आफ्ना घरमा आरामले बसेका थिए। त्यो सानो बालकलाई एकदम जाडो भएकाले खबरपत्रिका बेच्ने इच्छा। सबै हरायो। उसलाई जाडोबाट कसरी राहत पाउने भनी चिन्ता हुन थाल्यो। यसैबीच एकजना पुलिस नजिकै गएर उसले आफूलाई बस्नका निम्ति कुनै न्यानो ठाउँ छ भने बताइदिनुस् भनी बिन्ती गऱ्यो। ऊ सधैँ बाटाको कुनामा एउटा बाकसमा रात गुजार्ने गर्थ्यो तर आज साह्रै चिसो थियो र उसलाई खपिनसक्नु भयो। बस्नलाई एउटा न्यानो ठाउँ पाए त्यो बालक त्यो चिसो रातबाट उम्कन सक्थ्यो।

पुलिसले त्यो बालकलाई अघिको सेतो रङ्गको घरलाई देखाउँदै भन्यो "त्यो घरमा जाऊ र ढोकामा ठकठकाऊ। जसले ढोका खोल्न आए पनि युहन्ना ३:१६ भन्नू। तिमीलाई भित्र पस्न दिनेछन्।"

नभन्दै पुलिसले भनेजस्तै भयो। बालकले ढोकामा ठकठकाउँदा एउटी महिला आइन् र उसलाई भित्र पस्न दिइन्, कारण बालकले युहन्ना ३:१६ भनेको तिनले सुनिन्।

ती महिलाले त्यस बालकलाई न्यानो पार्न अगेनो नजिकै राखिन्। बालक त्यहाँ बस्यो र सोच्न थाल्यो, "युहन्ना ३:१६ भनेको मैले बुझिनँ तर यसले कठा ग्रिएको बालकलाई न्यानोपन दिँदो रहेछ।"

त्यसपछि ती महिलाले बालकलाई भोक लागेको छ कि भनी सोधिन्। बिचरा बालकले केही दिनसम्म खानै पाएको थिएन। उसले भन्यो, "मैले केही खाएको छैन। थोरै खानेकुरा पाए राम्रो हुनेथियो!" महिलाले त्यो सुन्नासाथ बालकलाई एउटा टेबलको नजिक लगिन्। त्यस टेबलमा

थरीथरीका खानाका परिकारहरु राखिएका रहेछन्। बालकले मस्त अगाउन्जेल खायो र सोच्यो "युहन्ना ३:१६! मैले अझै बुझिनँ तर यसले भोकाएको बालकलाई पेटभर खाना दिँदो रहेछ।"

त्यसपछि महिलाले बालकलाई माथिल्लो तल्लामा एउटा नुहाउने कोठामा लगिन्। त्यहाँ एउटा ठूलो बाटामा तातोपानी भरिएको रहेछ। बालक त्यसभित्र पस्यो र धेरै बेर त्यसको मज्जा लुट्दै बस्यो। तातोपानीमा बस्दै गर्दा फेरि उसले सोच्यो "युहन्ना ३:१६ खै के हो यो! तर यसले फोहर बालकलाई सफा बनाउँदो रहेछ।"

ती महिला फेरि आइन् र बालकलाई लिएर न्यानो कोठामा गइन्। त्यहाँ सुतूँ सुतूँ लाग्ने एउटा खाट रहेछ। महिलाले बालकलाई बोकेर खाटमा राखिन् र न्यानो सिरक ओडाइदिइन्। त्यसपछि महिलाले बालकलाई म्वाइ खाइन् र बत्ती निभाएर गइन्। जब बालक सुत्न थाल्यो त्यतिखेर उसले सोच्यो "युहन्ना ३:१६ खै के हो के हो! तर त्यसले थाकेको बालकलाई आराम दिँदो रहेछ।"

त्यसको भोलिपल्ट बिहानै महिलाले बालकलाई अघिल्लो दिनकै टेबलमा लगिन् र खाना पस्केर दिइन्। खाना खाएपछि तिनले बालकलाई अगेनो नजिकै बसालिन् र हातमा बाइबल लिइन्। "बाबु तिमीलाई युहन्ना ३:१६ के हो भन्ने थाहा छ?" भनेर बालकलाई महिलाले सोधिन्। बिचरा बालकलाई के थाहा हुन्थ्यो। हिजो मात्र बाहिर सडकमा पुलिसको मुखबाट उसले त्यो सुनेको थियो। महिलाले बाइबल खोलिन् र येशूका बारेमा भन्न सुरु गरिन्। त्यतिनै खेर बालकले आफ्नो हृदय र जीवन येशूमा समर्पण गऱ्यो। अनि

त्यसपछि उसले सोच्यो “हुन त मैले केही बुझिनँ तर युहन्ना ३:१६ ले हराएको केटालाई सुरक्षा दिँदो रहेछ। (कथाकार अज्ञात)

यदि अहिले तपाईँ आफ्नो जीवन परमेश्वरमा समर्पण गर्न चाहनुहुन्छ र येशू ख्रीष्टलाई आफ्नो पापको साटो तिरिएको मोल भनेर स्वीकार गर्न चाहनुहुन्छ भने मसँग तलको प्रार्थना गर्न उत्साह दिन्छु। तलका शब्दहरु ठूलो स्वरमा पढ्नुहोस्। यो प्रार्थना गर्दा यसको अर्थलाई पनि ध्यान दिनुहोस्।

*परमेश्वर पिता, म तपाईँलाई प्रेम गर्छु। आज म विश्वाससाथ तपाईँसँग मैले गरेका पापको निम्ति क्षमा माग्छु। येशू, म तपाईँमा विश्वास गर्छु। म विश्वास गर्छु, तपाईँले मेरो खातिर क्रूसमा मर्नुभयो र आफ्नो निर्दोष रगत मेरो निम्ति बगाउनुभयो। मेरो स्थान तपाईँले लिइदिनुभयो। मैले पाउनुपर्ने दण्ड तपाईँले भोग्नुभयो। तपाईँ मर्नुभयो, गाडिनुभयो र तेस्रो दिनमा बौरी उठ्नुभयो। मृत्युले तपाईँलाई बाँध्न सकेन। तपाईँले सैतानलाई आफ्नो अधीनमा लिनुभएको छ र उससँग भएको नरकको सन्चो र मृत्यु खोस्नुभएको छ। तपाईँले मलाई प्रेम गर्नुभएका कारण यो सबै मेरा निम्ति गर्नुभयो। म एउटा ख्रीष्टियन हुन चाहन्छु। अब उप्रान्त मेरो जीवनभर म तपाईँको सेवा गर्नेछु। तपाईँले दिनुहुने नयाँ जीवन कसरी जिउनेबारे सिक्न चाहन्छु। येशू, मेरो जीवनमा आउनुहोस् । म आफैलाई तपाईँको हातमा सुम्पन्छु। म जस्तो छु त्यस्तै ग्रहण गर्नुहोस्। मलाई तपाईँको इच्छाअनुसारको व्यक्ति बनाउनुहोस्।*

*येशू, धन्यवाद मलाई बचाउनुभएकोमा। तपाईँको पवित्र आत्माले मलाई भर्नुहोस् र मैले सिक्नुपर्ने सबै कुराहरु सिकाउनुहोस्। म विश्वास गर्छु,*

*तपाईंले मलाई बचाउनुभएको छ र नयाँ जीवन दिनुभएको छ। जब म मर्नेछु म स्वर्गमा जानेछु। पिता परमेश्वर, अब म मेरो जीवनको यात्रामा रमाउनेछु र तपाईंको महिमाको निम्ति जिउनेछु।*

यदि तपाईंले इमानदार भएर यो प्रार्थना गर्नुभएको भए, तपाईंको जीवनको सबैभन्दा महत्त्वपूर्ण निर्णय आज तपाईंले लिनुभएको छ। परमेश्वरले तपाईंको प्रार्थना सुन्नुभएको छ र उत्तर पनि दिइसक्नुभएको छ। यस घडी तपाईंले शक्ति पाउनुभएको अथवा तपाई आनन्दित भएको अथवा तपाईंलाई स्वतन्त्र भएको महसुस भएको हुन सक्छ। या त कुनै फरक नै नभएको हुन सक्छ। यस्ता भावनाले तपाईंको जीवनलाई शासन गर्न नदिनुहोस्। परमेश्वरको वचनमा विश्वास गर्नुहोस् किनभने उहाँ विश्वासयोग्य र सत्य हुनुहुन्छ। उहाँले आफ्ना प्रतिज्ञाहरु कहिल्यै तोड्नुहुन्न। येशूले भन्नुभयोः

> पिताले मलाईं दिनुहुने सबै मकहाँ आउनेछन् र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ। – युहन्ना ६:३७

परमेश्वर सदैव तपाईंसँग रहनुहुन्छ, जगत्को अन्तसम्म पनि। तपाईंले उहाँलाई हरेक समयमा महसुस गर्न नसक्नुहोला तर उहाँ सर्वव्यापी हुनुहुन्छ र सधैं तपाईंसँगै हुनुहुन्छ। उहाँका आँखा तपाईंमाथि छन् र सधैं तपाईंको वास्ता गरिरहनुहुन्छ। तपाईंलाई वास्ता भएका सबै कुराप्रति उहाँले वास्ता गर्नुहुन्छ। त्यति मात्र नभएर तपाईंको हरेक चासोलाई सिद्ध तुल्याउन प्रतिज्ञा पनि गर्नुभएको छ। उहाँले तपाईंमा एउटा असल कार्यको थालनी गर्नुभएको छ जसलाई उहाँले सिध्याउनु हुनेछ र पूरा पनि गर्नुहुनेछ (उत्पत्ति २८:१५, भजनसङ्ग्रह १३८:८, फिलिप्पी १:६)।

तपाईंलाई बधाई छ। तपाईंले असल मित्र पाउनुभएको छ जो येशू हुनुहुन्छ। तपाईंले जीवनमा पाउन सक्ने सबैभन्दा असल मित्र नै येशू हुनुहुन्छ। तपाईंले येशूसँग सबै कुरा गर्न सक्नुहुन्छ (हिब्रू ४:१५)। उहाँले तपाईंलाई कहिल्यै इन्कार गर्नुहुन्न र तिरस्कार पनि गर्नुहुन्न। उहाँका लागि कुनै कुरा साह्रै ठूलो पनि छैन र कुनै कुरा साह्रै सानो पनि छैन। तपाईंले उहाँलाई तपाईंको जीवनको हरेक क्षेत्रमा स्वीकारेर निमन्त्रणा दिएको उहाँ चाहनुहुन्छ।

अब तपाईं एउटा नयाँ सृष्टि हुनुभएको छ। पुराना कुराहरु बितिसके र सबै कुरा नयाँ भएका छन् (२ कोरिन्थी ५:१७)। अबदेखि तपाईंले एउटा सुरुवात गर्न सक्नुहुन्छ।

पक्कै पनि तपाईंले गल्ती गर्नुहुन्छ, हामी सबैले गर्छौं। तपाईंले अझ धेरै सिक्न बाँकी छ। यो नयाँ जीवनको यात्रा सुरु भएको छ र जीवनभर रहिरहनेछ। सर्छौं सम्झनुपर्ने कुरा के छ भने हामीले गल्ती गर्दा पनि हाम्रा परमेश्वर क्षमा गर्न र शुद्ध पार्न सधैँ तयार हुनुहुन्छ। आफूले गरेको गलत कामको पश्चात्ताप गर्न ढीलो नगर्नुहोस्। परमेश्वरबाट कुनै पनि कुरा लुकाउन कोसिस नगर्नुहोस् किनभने उहाँले सबैकुरा जान्नुहुन्छ।

परमेश्वरले तपाईंलाई एकदम प्रेम गर्नुहुन्छ। उहाँले तपाईंलाई सधैँ प्रेम गर्नुहुन्छ। तपाईंले राम्रो काम गरेको समयमा बढी प्रेम र अरु बेलामा थोरै प्रेम गर्ने परमेश्वर, हाम्रा परमेश्वर हुनुहुन्न। उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ, तपाईंको कामलाई होइन।

अब हामी नयाँ जीवन कसरी जिउने भन्नेबारे सिक्नेछौं।

## *अध्याय ४*

# जिउने एउटा नयाँ तरिका

जब तपाईंले नयाँ जीवन जिउन सुरु गर्नुहुन्छ, प्रभुले दिनुभएको नयाँ जीवनका सिद्धान्तहरु संसारका सिद्धान्तहरुका ठीक विपरीत र उल्टा देखिन्छन्। वास्तवमा संसारका तरिकाहरु उल्टा छन्। परमेश्वरको राज्य ठीक स्थानमा छ र साँचो छ। हामीहरुले परमेश्वरको तरिकाले कुनै काम नगरेका कारणले हामीलाई उहाँका तरिकाहरु बुझ्न गाह्रो र जटिल लाग्न सक्छ।

## बप्तिस्मा

येशू ख्रीष्टमा विश्वास गरिसकेपछि तपाईंले गर्नुपर्ने पहिलो कुरो चाहिँ बप्तिस्मा लिनु हो। बप्तिस्मा भनेको तपाईंले लिनुभएको भित्री निर्णयको बाहिर प्रदर्शन गर्ने एउटा चिन्ह हो। यस प्रक्रियामा तपाईंलाई पानीभित्र डुबाइन्छ र बाहिर निकालिन्छ। जब तपाईं पानीमुनि जानुहुन्छ, त्यसले तपाईंको पुरानो जीवनलाई दफन गरेको जनाउँछ। पानीबाट बाहिर निकाल्दा पुनरुत्थान भएको बुझिन्छ। यसको अर्थ तपाईंको पुरानो जीवन हटेर जान्छ

र तपाईंले नयाँ जीवन धारण गर्नुहुन्छ। परमेश्वरप्रति आज्ञाकारी भएर हामीले यस प्रक्रियालाई पूरा गर्नुपर्ने हुन्छ।

> "यही पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउँछ। यो शरीरको मैला हटाएजस्तो होइन, बरु शुद्ध विवेकका निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो। यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरुलाई बचाउँछ।"
>
> – १ पत्रुस ३:२१

> पत्रुसले तिनीहरुलाई भने, "पश्चात्ताप गर र तिमीहरुका पाप क्षमाका निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ।"
>
> – प्रेरित २:३८

पश्चात्ताप गर्नु भनेको आफ्ना विचारहरु र उद्देश्य परिवर्तन गरेर परमेश्वरको इच्छा आफूभित्र धारण गर्नु हो। त्यसकारण पश्चात्ताप अत्यन्तै महत्त्वपूर्ण र आवश्यक छ।

## चर्च (मण्डली)

तपाईंले एउटा स्थानीय चर्च खोज्नुहोस् र त्यसमा भाग लिनुहोस्। चर्चमा जानाले मात्र कसैलाई ख्रीष्टियन बनाउँदैन। उदाहरणका लागि तपाईं गाडी राख्ने ग्यारेजमा बस्दैमा गाडी बन्नु हुन्न। यदि हामी साँच्चै ख्रीष्टियन बन्न चाहन्छौं भने हामीले चर्चमा गएर परमेश्वरको आराधना गर्नुपर्छ र त्यहाँ

भएका अरु व्यक्तिहरुसँग सङ्गति गर्नुपर्छ। चर्चमा हामीले परमेश्वरको वचन अर्थात् बाइबलबाट पनि धेरै कुराहरु सिक्न सक्छौ।

सबै चर्च राम्रा नहुन सक्छन्। कति चर्चहरु बाहिरबाट हेर्दा विशाल धार्मिक केन्द्रजस्ता देखिन्छन् तर भित्र भने खोक्रा हुन सक्छन्। यदि तपाईंले भाग लिने चर्चले तपाईंलाई परमेश्वरको वचनबाट सिकाउँदैन र परमेश्वरसँग दैनिक जीवन जिउन चुनौती दिँदैन भने तपाईंलाई हुर्काउन सक्ने चर्च खोज्नुहोस्। डाक्टरहरु जस्तै चर्चहरु पनि सबै राम्रा हुँदैनन् तर सबै नराम्रा पनि हुँदैनन्। तपाईंका लागि असल र राम्रो चर्च तपाईं आफैले खोज्नुपर्छ। कसैलाई ठूलो चर्च मनपर्छ भने कसैलाई सानो चर्च मनपर्छ। त्यसै गरी कसैले एउटा ख्रीष्टिय समुदाय रुचाउँछन् भने कसैले अर्को। अनि त्यस्तै कसैलाई कुनै समुदायसँग आबद्ध नभएको चर्च मनपर्छ। यसको अर्थ के हो भन्दा समुदाय नरुचाउनेहरुलाई कुनै ठूलो संस्थासँग गाभिएको मन पर्दैन। तर मुख्य कुरा तपाईं एउटा चर्चमा सहभागी भएर समर्पित हुनु अति आवश्यक छ। यसले गर्दा तपाईंले साथीहरु बनाउने अवसर पाउनुहुन्छ जसको विचारधारा तपाईंको विचारधारासँग मेल खान्छ। साथै तपाईंको विश्वास पनि एक हुन्छ र समाजमा एकले अर्कालाई उचाल्दै आउन सक्ने र सांसारिक परीक्षाहरुबाट बच्दै अघि बढ्न सक्ने हुनुहुन्छ।

याद राख्नुहोस्। तपाईं जुन चर्चमा जानु भए तापनि त्यहाँ तपाईं ख्रीष्टियन भएर बढ्दै जानुपर्छ। नयाँ हुनुहुन्छ भने धेरै कुराहरु सिक्न अत्यावश्यक हुन्छ। यदि नयाँ ख्रीष्टियनले सक्दैन र उसको वृद्धि हुँदैन भने ऊ फेरि आफ्नो पुरानो जीवनमा फर्केर जान सक्छ। त्यसकारण त्यसप्रति विशेष सचेत रहनुहोस्।

साना बाइबल अध्ययन कक्षाहरु एकदम फाइदाजनक हुन्छन्। यस्ता साना समूहमा सिक्ने, प्रश्न सोध्ने, प्रार्थनाका उत्तरहरु पाउने र अरुका लागि प्रार्थना गरिदिने थुप्रै अवसरहरु हुन्छन्। तपाईंको चर्चले प्रौढ शिक्षा पनि प्रदान गर्न सक्छ। यो प्रौढ शिक्षाद्वारा पाका व्यक्तिहरुले बाइबलका बारेमा धेरै सिक्न सक्छन् र परिवारहरुमा कसरी परमेश्वरलाई प्राथमिकता दिएर अघि बढ्न सकिन्छ भन्ने कुरालाई सिकाइन्छ।

चर्च एउटा आराधना गर्ने र सेवा लिने ठाउँ मात्रै होइन बरु ख्रीष्टको शरीरमा (चर्च) भएको सेवकाइ पत्ता लगाउने र व्यक्त गर्ने ठाउँ पनि हो। अरुबाट पाउने मात्र नभई अरुलाई दिने ठाउँ पनि हो चर्च।

## समर्पण

समर्पित बन्नु र रहनु एकदम आवश्यक छ। हाम्रो जीवन भद्रगोल भएको एकपटक गरेको गल्तीले गर्दा होइन बरु त्यही गल्तीलाई बारम्बार दोहऱ्याउँदै आएको कारण हो। एक-दुई पटक राम्रो बनेर वा काम गरेर परमेश्वरले चाहेको नयाँ जीवन जिउन सक्दैनौं। निरन्तर असल कुराहरुमा लागिरहनुपर्ने हुन्छ। हामीलाई मन परोस् या नपरोस्, जे हामीले गर्नुपर्ने हो त्यो हामीले जुनसुकै अवस्थामा पनि गर्नैपर्छ। तपाईंलाई परमेश्वरले आत्मसंयम र अनुशासनको आत्मा दिनुभएको छ (२ तिमोथी १:७) र यसलाई सधैं पालन गर्ने र प्रयोगमा ल्याउने कर्तव्य तपाईंको हो।

परमेश्वरसँग समय बिताउने कुरामा पनि तपाईं समर्पित हुनुपर्छ। बाइबल पढ्नुहोस् र परमेश्वरको वचन अझ राम्रोसँग बुझ्नका लागि लेखिएका अरु

पुस्तकहरु पनि पढ्नुहोस्। बाइबलीय शिक्षा भएका क्यासेटहरु र सिडीहरु सुन्नुहोस्। मिल्छ भने ख्रीष्टियन टेलिभिजन कार्यक्रमहरु हेर्नुहोस्। प्रार्थना गर्नका लागि समय निकाल्नुहोस्। दिनभरि आफ्नै तरिकाले प्रार्थना गरिरहने बानी बसाल्नुहोस्। परमेश्वरले तपाईँका हरेक कुरामा चासो लिनुहुन्छ। प्रार्थना परमेश्वरसँगको कुराकानी हो। जसरी तपाईँको ख्रीष्टिय जीवन बढ्दै र वृद्धि हुँदै जान्छ तपाई परमेश्वरसँग बोल्ने मात्र नभई उहाँको स्वर सुन्ने व्यक्ति बन्दै जानुहुन्छ। यसले तपाईँको जीवनमा एउटा नयाँ आयाम थपिदिन्छ।

ख्रीष्टिय जीवनमा प्रवेश गरेपछि हामी अरुलाई दिने व्यक्तिहरु बन्नुपर्छ। दिने कुरामा पनि हामी समर्पित हुनुपर्छ। परमेश्वरले हामीलाई यति धेरै दिनुभएको छ कि उहाँलाई र उहाँको कामका लागि हामीले दिनुपर्छ। तपाईँलाई कसैले सहायता गरेपछि त्यो व्यक्तिलाई तपाईँलाई दिन मन लाग्नु भनेको स्वाभाविक हो। यसकारण चर्चमा समर्पित हुन र चर्चका सेवकाइहरुमा सहायता पुऱ्याउनका लागि दिने हृदयले ठूलो भूमिका खेल्छ। हामीले परमेश्वरलाई जे दिए पनि परमेश्वरले हामीलाई हामीले दिएको भन्दा कैयौं गुणा बढी दिनुहुन्छ। परमेश्वरको वचनले यस्तो भन्छ-हामीले जे रोप्छौँ त्यही उब्जनी गर्छौं।

ख्रीष्टमा विश्वास गर्नुभन्दा अघि र नयाँ सृष्टि हुनुभन्दा पहिले हामीलाई दिने काममा धेरै ठूलो इच्छा नभएको हुन सक्छ। हामी स्वार्थी थियौं र अरुले मात्र हामीलाई देऊन् भन्ने चाहन्थ्यौँ तर जब हामी येशूलाई प्रेम गर्छौं हाम्रो हृदय भित्रबाट परिवर्तन हुन्छ।

# पवित्र आत्माको बप्तिस्मा

बप्तिस्माको अर्थ पूर्ण रुपमा डुब्नु हो। यदि कुनै कुरामा प्वाल छ र त्यसलाई पानी या तरल पदार्थमा डुबाइन्छ भने त्यो भरिन्छ। यदि तपाईँ पनि खुला हुनुहुन्छ भने तपाईँ पनि पवित्र आत्माद्वारा पूर्ण रुपमा भरिन सक्नुहुन्छ। जब तपाईँले येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाता भनेर स्वीकार गर्नुभयो त्यति बेलामा तपाईँले पवित्र आत्मा पनि पाउनुभयो। तर त्यसबेला तपाईँको हृदयका सबै ढोकाहरु खुल्न तयार नभएको हुन सक्छ। त्यसैले तपाई पवित्र आत्माद्वारा पुर्णरुपले भरिन सक्नुभएन।

पवित्र आत्मा तपाईँसँग हुनुहुन्छ तर उहाँले तपाईँलाई सम्पूर्ण तवरमा आफ्नो अधीनमा लिनुभएको छ भनेर तपाईँ पक्का हुनुपर्छ। परमेश्वरले तपाईँलाई उहाँको सेवकाइका लागि चलाउन चाहनुहुन्छ। तपाईँ सफल हुन र आफ्नो काममा उत्पादनशील बन्नका लागि परमेश्वरको आत्माको शक्ति अनिवार्य छ।

परमेश्वरले हामीलाई अतिप्राकृतिक वरदानहरु दिनुहुन्छ। यस्ता वरदानहरुद्वारा हामी हाम्रो दैनिक जीवन जिउन सक्छौं। यस्ता वरदानहरु भिन्दाभिन्दै हुन्छन् र हरेकले केही न केही वरदान पाउँछन्। कति व्यक्तिहरुमा वरदानहरु बढी देखिन्छन् र कतिमा थोरै देखिन्छन्। उदाहरणका लागि मलाई परमेश्वरले राम्रो शिक्षा दिनसक्ने वरदान दिनुभएको छ। कति जनालाई सङ्गीतको वरदान दिनुभएको छ भने कतिलाई कार्यालय सञ्चालन गर्ने वरदान र अरुलाई दया गर्ने र सहायता गर्ने वरदान दिनुभएको छ। १ कोरिन्थी १२:७-१० मा नौवटा वरदानहरुका बारेमा उल्लेख गरिएको छ।

यी वरदानहरुका बारेमा हामीले थाहा पाउनु आवश्यक छ। वास्तवमा बाइबलले वरदानहरुका लागि एकदम चाहना गर्नुपर्ने कुरामा जोड दिएको हामी पाउँछौं। नौ ओटा वरदानहरु यसप्रकार छन्ः पवित्र आत्माद्वारा विद्याका कुरा बोल्ने, ज्ञानका कुरा बोल्ने, विश्वास गर्ने, रोग निको पार्ने, आश्चर्यजनक कामहरु गर्ने, अगम वाणी बोल्ने, आत्माहरु छुट्ट्याउने, विभिन्न किसिमका भाषाहरु बोल्ने र भाषाहरुको अर्थ खोलिदिने।

तपाईंले यी वरदानहरु नबुझ्नुभए पनि म तपाईंलाई परमेश्वरसँग यिनलाई माग्नलाई प्रोत्साहन दिन्छु। परमेश्वरसँग वरदान माग्नुहोस् र तिनलाई उहाँले चाहेअनुसार कसरी चलाउने भन्नेबारे सिक्न सकूँ भनी प्रार्थनामा आग्रह गर्नुहोस्। बाइबलमा हामी धेरै ठाउँमा मानिसहरुले अन्य भाषामा बोलेको पाउँछौं। जब हामी अन्य भाषा बोल्छौं हामीले परमेश्वरसँग गोप्य र रहस्यमय कुराहरु गर्छौं। जब हामी अन्य भाषा बोल्छौं तब हामीले आफूलाई शुद्धीकरण गर्नुका साथै सुधार्छौं। पावल प्रेरित (१ कोरिन्थी १४ः२, ४-५) मा सबैले अन्य भाषा बोल्ने इच्छा व्यक्त गरेका छन्।

अन्य भाषा बोल्ने विषय ख्रीष्टियनहरुका माझमा धेरै वर्षदेखि विवादको कुरा भएको छ। कतिले यी वरदान आजका लागि हुन् भनी विश्वास गर्छन् भने कतिले होइनन् भनी विश्वास गर्छन्। मैले व्यक्तिगत तवरमा यस्ता वरदानहरुको अनुभव लिएको छु। करिब ३० वर्षयता मैले पनि अन्य भाषा बोल्दै आएको छु। यसकारण अन्य भाषाहरु आजका लागि पनि हुन् भनी म दाबी गर्न सक्छु। हामीलाई सहायता हुने हरेक कुराको हामीलाई आवश्यकता पर्छ।

धेरै पटक आफूले बुझ्न नसक्ने र अनुभव नगरेका कुराहरुलाई मानिसहरुले इन्कार गर्छन्। यो गलत हो। हामीले बाइबल पढ्नुपर्छ। पवित्र आत्मामा केन्द्रित हुनुहोस्, उहाँका वरदानहरुमा होइन। वरदानहरु त आइहाल्छन्। कतिपय व्यक्तिहरुले अन्य भाषा बोल्नु सबैभन्दा ठूलो कुरो भनी ठान्छन्। तपाईं जब जुत्ताको दोकानमा जानुहुन्छ, जुत्ता किन्दा त्यसको लेस (इजार) पनि दिनुहोस् भनेर माग्नुहुन्न। त्यो (इजार) जुत्तासँगै आउँछ। पवित्र आत्मासँग पनि त्यस्तै हो। हरेक दिन उहाँको उपस्थितिको बढी चाहना गर्नुहोस्। फलस्वरुप तपाईंको जीवनमा अन्य भाषा बोल्ने वरदानमात्र नभई अरु वरदानहरु पनि थपिनेछन्।

## परमेश्वरको उपस्थितिको खोजी

परमेश्वरले तपाईंका लागि राम्रा कामहरु गर्न चाहनुहुन्छ। उहाँले तपाईंलाई धेरै आशिष दिन चाहनुहुन्छ। तर तपाईंले उहाँको खोजी गर्नुपर्छ, उहाँले गर्न सक्ने कामहरुको खोजी गर्ने होइन। परमेश्वरको कुनै तुलना नै छैन। उहाँ अचम्मका परमेश्वर हुनहुन्छ। उहाँको उपस्थितिमा रहनु कति असल छ। जसरी तपाईंले उहाँको मुहारको खोजी गर्नुहुन्छ, तपाईंका लागि उहाँका हातहरु सधैं खुल्ला पाउनुहुन्छ। यदि तपाईंले उहाँबाट सहायता चाहनुभयो भने उहाँलाई इन्कार गरेको र हेला गरेको उहाँ सम्झिनुहुन्छ। कोही पनि अरुको फाइदाका लागि उपयोग भएको मन पराउँदैन। परमेश्वरले पनि यो चाहनुहुन्न।

आफूलाई चाहिएको आवश्यक कुरा परमेश्वरसँग माग्नुहोस्। यदि तपाईंका लागि त्यो ठीक छ भने परमेश्वरले उहाँको समयमा त्यो तपाईलाई दिनुहुनेछ।

तर सधैँ याद रहोस्। अरु सबै कुराहरुभन्दा बढी तपाईँलाई आफ्नो जीवनमा परमेश्वरको आवश्वयकता छ। बढ्ता मात्रामा उहाँको उपस्थिति, उहाँको बाटो, उहाँको गुण, उहाँको, ज्ञान, उहाँको बुझाइ र उहाँको शक्तिको खोजी गर्नुहोस्।

परमेश्वर सबै थोक हुनुहुन्छ र उहाँबिना हामी केही पनि हाइनौं। येशूले भन्नुभयो "मविना तिमीले केही गर्न सक्दैनौं। (युहन्ना १५:५)

> रोमी ११ को ३६ मा यसरी लेखिएको छ "किनभने सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्। उहाँलाई नै सदासर्वदा महिमा होस्। आमेन् (अर्थात् त्यस्तै होस्)।"

## धेरै कुरा सिक्न बाँकी

तपाईँले यदि धेरै सिक्न बाँकी छ कि यो सानो किताबमा त्यसको सानो अंश पनि अटाउँदैन। खीष्टिय शिक्षा र विश्वासका आधारभूत कुराहरु के हुन् अनि तपाईँको विश्वासको आधार के हो भन्नेबारे तपाईँले थाहा पाउनु जरुरी छ। नयाँ खीष्टियनका लागि चर्चहरुमा कक्षाहरु सञ्चालन गरिएका हुन्छन्। त्यसमा सहभागी हुनलाई म तपाईँलाई प्रोत्साहन दिन्छु। येशूले कन्या मरियमको कोखबाट जन्म लिनुभयो भनेर तपाईँले थाहा पाउनुहुनेछ। मलाई थाहा छ- यो असम्भव जस्तो सुनिन्छ तर यो सत्य हो। यो किन भनेर तपाईँले बुझ्नु आवश्यक छ। अर्को कुरा, तपाईँले परमेश्वरलाई दिनुपर्छ। यो सुसमाचार चारैतिर फैलाउनका लागि तपाईँले दिनु आवश्यक छ। सुसमासार नसुनेकाले सुसमाचार सुन्नका निमित्त तपाईँले दिनु आवश्यक छ। तपाईँले

त्रिएक परमेश्वरका बारेमा सिक्नुहुनेछ। हाम्रा परमेश्वर एक हुनुहुन्छ तर उहाँ पिता, पुत्र र पवित्र आत्माद्वारा दर्शिनुहुन्छ। त्यसै गरी तपाईंले स्वर्गदूतहरुको सेवकाइका बारे, येशूको रगतको महत्तवका बारे, परमेश्वरको स्वर कसरी सुन्ने भन्नेबारे, धार्मिकताको सिद्धान्तबारे, पश्चात्ताप र धेरै अरु कुराहरुबारे सिक्न पाउनुहुनेछ।

सबै कुरा यस पुस्तकमा लेख्न नसके पनि केही नभनी नहुने महत्त्वपूर्ण कुराहरु तपाईंसँग बाँड्न चाहन्छु। त्यसकारण पढ्दै जानुहोस्।

## *अध्याय ५*

# सोच्ने एउटा नयाँ तरिका

तपाईंले अब आफूले सोच्ने तरिका पूर्णरुपले बदल्नु आवश्यक छ। तपाईंका लागि परमेश्वरको एउटा असल योजना छ तर त्यो पूरा हुनका लागि तपाईं आफैले परमेश्वरसँग त्यसबारे सम्झौता गर्नुपर्छ। सैतानले पनि तपाईंका लागि एउटा योजना बनाएको छ तर त्यो योजना राम्रो छैन। चोर (सैतान) त चोरुँ, मारुँ र सबै नाश गरुँ भनेर आउँछ (युहन्ना १०:१०)। हामीले त्यसमा विश्वास गऱ्यौं र त्यससँग सम्झौता गऱ्यौं भने सैतानले हाम्रो मनमा सबै प्रकारका गलत विचारहरु हालिदिन्छ, यसप्रकारले सैतानले हामीलाई आफ्नो बसमा लिन कोसिस गर्छ र हाम्रो जीवनमा पस्ने द्वारा बनाउँछ।

> यस संसारको ढाँचामा नचल, बरु आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तित होओ र परमेशवरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो त्यो तिमीहरुले जाँच्न सक। – रोमी १२:२

माथि दिइएका शब्दहरुले के स्पष्ट पार्छन् भने यदि हामी हाम्रो जीवनमा परिवर्तन चाहन्छौं भने हाम्रो सोचमा नै परिवर्तन हुनुपर्छ। नयाँ जीवनको

आकाङ्क्षा राख्नुहुन्छ भने तपाईंको सोचाइ बदल्नु अनिवार्य हुन्छ। हरेक व्यक्तिका लागि परमेश्वर भन्ने कुरा विशाल छ र त्यो पूरा हुनका लागि हामीले ठीक प्रकारले सोच्नु आवश्यक छ।

## आफ्नो सोचलाई अधीनमा राख्न सकिन्छ

कुनै समयमा म आफूले केही गर्न सक्तिनँ भनेर सोच्ने गर्थें। हुन सक्छ तपाईं पनि अहिले त्यस्तै अवस्थामा हुनुहुन्छ, तर यो ठीक सोचाइ होइन। तपाईंले के सोच्नुहुन्छ र के सोच्नुहुन्न भन्नेबारे चुन्ने हक तपाईंकै हातमा छ। यो चुन्ने कार्य तपाईंले एकदम सावधान भएर गर्नुपर्छ। मन जताजता जान्छ त्यतै हामी पनि पछ्याउँछौँ। पक्कै पनि तपाईंले केही कुरा खाने कि नखाने भनेर विचार गर्न सुरु गर्नुभएको अनुभव छ। बरफ अथवा डुनोट छनोट गरेर खानलाई सबैभन्दा पहिला मनमा एउटा सोच आउँछ। त्यही पहिलो सोचलाई दोहोऱ्याएर सोच्दा गर्न मन लाग्छ। धेरै समयसम्म एउटै खानेकुराका बारेमा सोचिरहेपछि तपाईंले गाडी चढेर कैयौं दूरीको यात्रा गरेरै छाड्नुहुन्छ, गन्तव्यमा पुगेर सामान किनेर अनि खाएरै छाड्नुहुन्छ। बरफ किनेर खाएकोमा व्यर्थ मान्नु र पछुताउनु त पछि छँदै छ। बेकारमा बरफजस्तो कुरामा पैसा फालेछु भन्ने सोच पछि आउन सक्छ।

यदि कसैले हामीसँग नराम्रो व्यवहार गऱ्यो र हामीले त्यसका बारेमा बारम्बार सम्झँदै, सोच्दै गयौँ भने त्यस कुराले हामीलाई दुःखी बनाउन र रिस उठाउन पनि सक्छ। हाम्रा विचारहरुले हाम्रा भावनामा असर गर्छन् र हामी त्यसकै असरमा परेर बोल्छौँ।

कुनै समयमा तपाईंले आफूलाई निराश र दुःखी पाउनुभयो भने म के सोच्दै छु भनेर प्रश्न गर्नुहोस्। उत्तरमा तपाईंले तपाईंको सोच र भावनासँग सम्बन्ध भएको पाउनुहुन्छ।

हाम्रो मन चाहिँ सैतानसँग लडाइँ गर्ने युद्धभूमि हो। २ कोरिन्थी १०:४-५ ले हामीलाई हाम्रा सबै गलत विचारहरु र कल्पनाहरुलाई बन्दी बनाएर प्रभु येशू ख्रीष्टमा लिएर आउन आह्वान गर्छ। यसको अर्थ हामीले परमेश्वरको वचनअनुसार विचार गर्नुपर्छ। येशू ख्रीष्टको शिक्षासँग मेल नखाने सबै कुरा हामीले हाम्रो मनबाट निकाल्नुपर्छ र सैतानले ल्याएको झूट हो भनी इन्कार गर्नुपर्छ। यदि तपाईंको शत्रुले (सैतानले) तपाईंको विचारलाई अधीनमा लिन सक्छ भने तपाईंको जीवन र लक्ष्यलाईं पनि आफ्नो बसमा पार्न सक्छ।

उदाहरणका लागि यदि तपाईंको मनमा आत्महत्या गर्ने इच्छा आयो भने त्यो परमेश्वरले तपाईंको मनमा हालिदिनुभएको होइन। परमेश्वरले त तपाईंले जीवन जिउनुभएको र जीवनमा रमाउनुभएको देख्न चाहनुहुन्छ। यदि तपाईंको मनमा "म कामै नलाग्ने व्यक्ति हुँ, मलाई कसैले मन पराउँदैन" भन्ने विचारहरु आउँछन् भने पनि ती परमेश्वरबाट अएका होइनन् किनभने यस्ता कुराले परमेश्वरको वचनसँग मेल खाँदैनन्।

## नकारात्मक सोच

सबै प्रकारका नकारात्मक सोचहरुबाट सावधान रहनुहोस्। परमेशवर र उहाँका योजनाहरु कहिल्यै पनि नकारात्मक हुन सक्दैनन्। गिलास आधा

खाली छ भन्नुभन्दा बरु आधा भरिएको देख्न उचित हुन्छ। सकारात्मक हुनाले कसैलाई दुःख पुऱ्याउँदैन।

आजसम्म तपाईंको जीवन जस्तो भए तापनि भविष्यका लागि तपाईंको जीवन एउटा सकारात्मक दर्शन हुन आवश्यक छ। आजदेखि उता तपाईंको जीवनमा असल कुरा हुन आउनेछन् भनेर परमेश्वरसँग सम्झौता गर्नुहोस् र विश्वास गर्नुहोस्। यदि आजसम्म तपाईं नकारात्मक सोच भएको व्यक्ति हुनुभएको भए सकारात्मक सोच पैदा हुन केही प्रयास अवश्य गर्नुपर्नेछ। सुरुमा भनेझैँ म पनि नकारात्मक सोच भएको व्यक्ति थिएँ। म नकारात्मक वातावरणमा हुर्किएकी भएर मैले सबै कुरामा समस्या र प्रकोप मात्र देख्ने गर्थें। समस्या वास्तवमा नकारात्मक सोचबाट नै सुरु हुँदो रहेछ भन्ने कुरा मैले सिकेँ।

> थिचोमिचोमा परेकाहरुको अवहेलित जीवन दिनहुँ दुःखको (चिन्ताका विचारहरु र नकारात्मक पूर्वबोधका डरलाग्दा सोच) हुन्छ, तर आनन्दित हृदय सधैँ सुखी हुन्छ।
>
> – हितोपदेश १५:१५

पहिलोपटक जब पवित्र आत्माले माथिको वचन पढ्न अगुवाइ गर्नुभयो तब मलाई पूर्वबोध के हो भन्ने थाहा थिएन। यो त पछि हुन जाने कुनै घटनाको अगावै आउने नकारात्मक र डरलाग्दा विचारहरु हुन् भनेर पछि सिकेँ। जे जति कुराहरुको मैले प्रतीक्षा गर्थें ती हुन पनि आउँथे। अहिले मैले स्वीकार्नुपर्छ- यस्ता घटनाहरु दुःख र कष्टका घटनाहरु नै हुन्थे किनभने

मैले यस्ताका बारेमा पहिला नै सोचिसकेकी हुन्थें। मैले मेरो जीवनशैली बदल्न चाहन्थें तर परमेश्वरले किन त्यसलाई बदल्नुभएन भन्ने कुरा मैले बुझ्न सकिनँ भनेर एकदिन म निश्चिन्त भएँ। यदि मैले मेरो जीवनशैली बदल्ने हो भने मेरो सोचाइ पहिला बदल्नुपर्दो रहेछ।

तपाईं कुनै कुराका बारेमा पनि नकारात्मक नहुनुहोस्, त्यो भविष्यको कुरा होस् या बितेर गएको कुरा होस्। यदि तपाईंले परमेश्वरमा पूर्ण विश्वास गर्नुहुन्छ भने उहाँले तपाईंको बितेर गएको जीवनलाई पनि समेटेर तपाईंका लागि महान् योजना बनाउनु हुनेछ। तपाईंले गर्नुभएको सबै गल्तीहरुले तपाईंलाई राम्रो र ज्ञानी मानिस बनाउँछन्। त्यस्ता गल्तीहरुद्वारा तपाईंले धेरै सिक्न सक्नुहुन्छ र आजदेखि उता कहिल्यै पनि नदोहोऱ्याउने निर्णय लिन सक्नुहुन्छ। तपाईंको आर्थिक अवस्था राम्रो नहोला, साथीहरुबाट सोचेजस्तो व्यवहार नभएको होला, परिवारमा अप्ठेरो होला, तपाईं बेरोजगार हुनुहुन्छ होला। तर यी कुनै कुराका बारेमा नकारात्मक नबन्नुहोस्। सबैप्रति सकारात्मक सोच राख्नुहोस्। यस्तो हुँदा तपाईंले सकारात्मक र शक्तिशाली जीवन जिउन सक्नुहुन्छ।

## पीर र चिन्ताबाट टाढा रहने

पीर र चिन्ता दुवै एकदम खराब सोचहरु हुन्। पीरले तपाईंलाई केही फाइदा गर्दैन। यसले तपाईंलाई खराबी भने अवश्य गर्छ। तपाईंको पीर सबै परमेश्वरको हातमा छोडिदिनुहोस्। पीर उहाँलाई दिनुहोस् र उहाँमा भरोसा गर्नुहोस्। उहाँले तपाईंका सबै समस्या लिइदिनुहुनेछ। पीरले तपाईंलाई तपाईंको

उमेरभन्दा बूढो देखाउँछ। त्यसले टाउको दूख्ने र पेट दुख्ने रोगलाई निम्त्याउँछ। यसले गर्दा तपाईं कोहीसँग नमिल्ने पनि बन्नुहुन्छ। परमेश्वरले तपाईंका लागि सोच्नुभएको जीवन यस्तो जीवन होइन।

सुरुसुरुमा पीर नगरीकन बस्न गाह्रो हुन सक्छ किनभने अहिलेसम्म तपाईंले आफैले सबै कुराहरुको तय गर्न खोज्नुभयो र पछि के गर्ने भन्नेबारे पनि तपाईंले नै निर्णय लिनुभयो। स्मरण रहोस्, अहिले तपाईं नयाँ जीवन जिउने तरिका सिक्दै हुनुहुन्छ।

परमेश्वरसँग कुनै सम्बन्ध नराख्नेहरुले पीर गर्नु स्वाभाविक हो, तर तपाईं त्यस्तो हुनुहुन्न। यसकारण तपाईंले पीर गर्नुपर्दैन। परमेश्वर तपाईंको पक्षमा हुनुहुन्छ। १ पत्रुस ५ को ७ अनुसार तपाईंको सारा फिक्री उहाँलाई सुम्पिदिनुहोस् किनभने उहाँले तपाईंको वास्ता गर्नुहुन्छ।

चिन्ता गर्नु भन्नाले भोलिका बारेमा आजै सोच्नु हो। येशूले यस्तो सोच नलिन आज्ञा दिनुहुन्छ किनभने हरेक दिनका लागि दु:ख पर्याप्त छ (मत्ती ६:३४)। जब समय आउँछ के गर्नुपर्छ भनेर तपाईंले त्यतिबेला जान्नुहुनेछ। सम्भवत: अन्तिम घडीसम्म के गर्ने भन्ने कुरा थाहा नहुन सक्छ। परमेश्वरले तपाईंलाई उहाँमा भरोसा गरेको देख्न चाहनुहुन्छ। उहाँले कुनै कुरा पनि ढीलो गर्नुहुन्न। र चाहिनेभन्दा छिटो पनि गर्नुहुन्न। नयाँ ख्रीष्ट विश्वासीका लागि पर्खने काम गाह्रो हुन सक्छ। तर केही समयपछि तपाईंले यसलाई मन पराउनुहुन्छ। परमेश्वरमा भरोसा गरेर पर्खने व्यक्तिको दिमागमा बोझ हुँदैन र उसले हरेक दिन भोलिका बारेमा चिन्ता नलिईकन बाँच्न सक्छ।

जब तपाईंलाई चिन्ता गर्ने परीक्षा आउँछ त्यतिबेला सैतानलाई भन्नुहोस्- तपाईं परमेश्वरको हुनुहुन्छ भनेर। परमेश्वरले तपाईंलाई हेरचाह गर्ने प्रतिज्ञा गर्नुभएको छ- यो कुरा त्यसलाई बताउनुहोस्।

परमेश्वरको वचन पढ्दा र अध्ययन गर्दा तपाईंले आफ्नो मनलाई नयाँ तुल्याउँदै जानुहुन्छ। वचन पढाइले ठीक र बेठीक छुट्ट्याउन सक्ने बनाउँछ। उदाहरणका लागि एउटा व्यक्तिले उसको पुर्खा नै गरिब भएकोले ऊ आफै पनि गरिब हुनुपर्छ भन्ने धारणा लिन सक्छ। तर परमेश्वरको वचनले यस्तो धारणालाई बेठीक देखाउँछ। तपाईंको आर्थिक अवस्थामा परमेश्वरको सहायता र उहाँका सिद्धान्तहरु पालन गरेर वृद्धि ल्याउन त सक्नुहुन्छ। वर्षौंदेखि रहेर आएको गरिबीको चक्रलाई परमेश्वरको सहायताबाट तपाईंले तोड्न सक्नुहुन्छ। तपाईंको जीवनका हरेक क्षेत्रमा तपाईंलाई चाहिनेभन्दा बढी पाउनुहुनेछ। परमेश्वरले तपाईंलाई सबै कुरामा भलो भएको अनि स्वास्थ्य र आत्मिक जीवन ठीक रहेको चाहनुहुन्छ (३ युहन्ना २)। जसरी तपाईं आत्मामा परिपक्व हुँदै जानुहुन्छ र परमेश्वरमा आज्ञाकारी भएर हिंड्नुहुन्छ, उहाँले तपाईंलाई राम्रोसँग सम्हाल्न सक्ने हरेक असल कुरा दिनुहुन्छ।

येशू तपाईंले राम्रो जीवन बिताउनुभएको चाहनुहुन्छ। जुन जीवन तपाईंलाई फिर्ता दिन येशू मर्नुभयो त्यो जीवनमा तपाईं रमाउनु भएको उहाँ चाहनुहुन्छ। असल, खराब छुट्ट्याउन सक्ने ज्ञान र बोध प्राप्त गर्नुहोस्। ज्ञानविना मानिसको सर्वनाश हुन्छ। परमेश्वरबाट आएको बुद्धि येशू ख्रीष्ट हुनुहुन्छ (१ कोरिन्थी १:३०)। तपाईंमा भएको ज्ञान बढ्न र प्रबुद्ध हुन येशूसँग प्रार्थना गर्नुहोस्। यसद्वारा तपाईं उहाँको बाटोमा हिँड्न सक्नुहुनेछ।

"किनभने बुद्धि माणिकभन्दा बहुमूल्य हुन्छ र तैँले इच्छा गरेको कुनै पनि थोक त्यससँग तुलना गर्न सकिँदैन।"

– हितोपदेश ८:११

तपाईंको सोचलाई बदल्न केही समय लाग्न सक्छ। त्यति मात्र नभई एकदम सङ्घर्ष गर्नुपर्ने पनि हुन सक्छ तर हिम्मत नहार्नुहोस्। जसले परमेश्वरलाई परिश्रम गरेर खोज्छन् तिनीहरुले इनाम पाउनेछन्।

*अध्याय ६*

# कुराकानी गर्ने एउटा नयाँ तरिका

हामीले बोल्ने हरेक शब्द शक्तिशाली हुन्छ। शब्दहरुमा सृजनात्मक र विनाशकारी शक्ति लुकेको हुन्छ। समय सुरु हुँदा या भनूँ आदिमा जब परमेश्वरले बोल्नुभयो, राम्रा राम्रा कुराहरु सृजना भए। यसकारण हामीले उहाँको उदाहरणलाई पछ्याउनुपर्छ।

> आफ्नो मुखको फलले मानिसको (नैतिक) पेट भरिएको हुन्छ, त्यसका ओठद्वारा हुने फसलले (असल या खराब) त्यो सन्तुष्ट हुनुपर्छ।
>
> जीवन र मृत्युको शक्ति जिब्रोमा हुन्छ, त्यसलाई प्रेम गर्नेहरुले त्यसको फल खानुपर्छ (जीवनका लागि अथवा मृत्युका लागि)
>
> – हितोपदेश १८:२०-२१

ध्यानसाथ हामीले माथिको वचन पढ्यौँ भने हामीले बोल्ने वचनको कुनै न कुनै फल हुन्छ भन्ने कुरा थाहा पाउँछौँ। कुनै शब्दले राम्रो गर्छ भने कुनैले नराम्रो असर ल्याउँछ। हाम्रो बोलीमा शाक्ति छ। बोल्नलाई मुख खोल्नु अघि

नै हामीलाई थाहा हुनुपर्छ- हाम्रा विचारहरु शब्दहरु भएर निस्कन्छन्। धेरै कारणहरुमध्ये यो पनि एउटा कारण हो। जसद्वारा सैतानले हाम्रो दिमागमा नराम्रा सोचहरु हालिदिन्छ। सैतानलाई थाहा छ- यदि हामीले त्यस्ता विचारहरु मनमा राख्यौँ भने हामीले त्यो अन्तमा बोल्नेछौँ। यसद्वारा सैतानले हाम्रो जीवनमा आफ्ना घीनलाग्दा कामहरु गर्ने अवसर पाउँछ।

आफ्नो मुख र जिब्रो सम्हाल्नेले आफूलाई आपद्‌विपद्‌बाट जोगाउँछ।
– हितोपदेशः २९ः२३

जे कुरा सुन्यो र अनुभव गऱ्ये त्यसका बारेमा बोलिहाल्ने परीक्षाहरु हामीलाई कैयौँपटक आइराख्छन्। तर परमेश्वरले हामीद्वारा भिन्नै प्रकारको कुरा देख्न चाहनुहुन्छ। हामीले उहाँका वचनद्वारा के पाउन सक्छौँ भन्ने कुरा बोलेको चाहनुहुन्छ। मेरो आशय तपाईंले आफ्नो परिस्थिति भुल्नुहोस् भन्ने होइन। बरु त्यसलाई आफ्नो अधीनमा लिन सक्नुहोस् भन्ने हो। तपाईंलाई समस्या पर्दा तपाईंले कसरी बोल्नुहुन्छ? यसबाट तपाईंले आफ्ना बारेमा थाहा पाउन सक्नुहुन्छ।

इस्राएलीहरुले एघार दिनमा पार गर्नसक्ने मरुभूमिमा चालिस वर्ष बिताए। तिनीहरु एकै पहाडका वरिपरि घुमिरहे र अघि सर्नै सकेनन्। तिनीहरुका धेरै समस्याहरु थिए। धेरै समस्याहरुमध्ये एउटा चाहिँ गनगन गर्ने समस्या थियो। आफूले सोचेजस्तो केही नहुनेबित्तिकै तिनीहरु गनगन गर्न सुरु गरिहाल्थे। हाम्रा अप्ठ्यारा अवस्थाहरुमा पनि परमेश्वरले उहाँलाई प्रशंसा र धन्यवाद चढाऊन् भन्ने चाहनुहुन्छ। कुनै समस्या पर्दा हामीले बोल्ने

शब्दहरुले हामी त्यस समस्याभित्र कति समय रुमल्लिरहन्छौं भन्ने कुरा स्पष्ट पार्छ।

तपाईँलाई अचम्म लाग्न सक्छ तर तपाईँको बोलीमा शक्ति छ भनेर जानिराख्नुहोस्। रोमी ४:१७ ले यस्तो भन्छ- परमेश्वरले नभएका थोकहरुलाई बोलेर सृजना गर्नुहुन्छ। पछि हुने कुरालाई परमेश्वरले पहिले नै देख्नुहुन्छ र त्यो भइसकेको झैँ त्यसका बारेमा कुरा गर्नुहुन्छ। यस्तो गर्नका लागि तपाईँले विश्वासका आँखाद्वारा हेर्नुपर्ने हुन्छ। वर्तमानमा नदेखिने र अनुभव गर्न नसकिने कुराहरुलाई विश्वासद्वारा पहिले नै देख्न सकिन्छ। विश्वासले परमेश्वरका प्रतिज्ञाहरुलाई लिएर सत्य छन् भन्ने दृढताका साथ त्यसमा कार्यान्वयन गर्छ।

यदि हाम्रो कुनै समस्या छ र परमेश्वरले हामीलाई त्यसबाट छुटकारा दिनुहुन्छ भनेर अहिले विश्वास गर्छौं भने हामी खुसी हुन सक्छौँ। यो अवस्था परिवर्तन भएर आउन्जेलसम्म खुसी हुन पर्खी बस्नुपर्दैन कारण त्यो हुन्छ भन्ने विश्वासमा हामीले ग्यारेन्टी पाइसकेका हुन्छौं। हामी जान्दछौं हाम्रो हृदयभित्र परमेश्वरले हाम्रो पक्षमा त्यो समस्याको हल गर्दै हुनुहुन्छ।

जब इजकिएल अगम वक्ताले चारैतिर हेरे, उनले सबै मरेका र सुकेका हाड मात्र देखे। परमेश्वरले इजकिएललाई ती हाडहरु फेरि बाँच्न सक्छन् कि सक्दैनन् भनी प्रश्न गर्नुभयो। इजकिएलले “प्रभु तपाईँ नै जान्नुहुन्छ” भनी उत्तर दिए। त्यसको प्रतिउत्तरमा परमेश्वरले तिनलाई हाडहरुमाथि अगम वाणी बोल्न लगाए। इजकिएलले अगमवाणी बोल्न सुरु गरे र हाडहरु फेरि जोडिए। मांसपेशी जस्ताको जस्तै हाडहरुमा बेरिए। मरेका सिपाही फेरि जीवित भए (इजकिएल ३७)। यो परमेश्वरको वचनको शक्तिको एउटा ठूलो उदाहरण हो।

# परमेश्वरको वचन ठूलो स्वरमा बोल्ने

म जहाँजहाँ परमेश्वरको वचनद्वारा सिकाउन जान्छु त्यहाँ मानिसहरुलाई उहाँको वचन उच्च स्वरमा पढ्न आग्रह गर्छु। यो हरेकको आत्मीय अनुशासनको एउटा भाग पनि हो। परमेश्वरले मलाई सिकाउनु भएका महत्त्वपूर्ण कुराहरुमध्ये यो एउटा हो र उहाँको वचन उच्च स्वरमा उच्चारण गर्दा मेरो मनलाई र जीवनलाई एकपटक फेरि नयाँ दिशा दिन यसले सहायता पुऱ्याएको छ।

परमेश्वरको वचन आत्माको तरवार हो। सैतानका विरुद्धमा चलाउन सकिने सबैभन्दा ठूलो हतियार परमेश्वरको वचन हो। परमेश्वरको वचन सुन्नासाथ सैतान डराउँछ र काँप्न सुरु गर्छ। लुका ४ अध्यायमा सैतानले येशूलाई परीक्षा गर्न प्रयास गरेको हामी पाउँछौँ। येशू मरुभूमिमा हुनुहुन्थ्यो र धेरै समय भोकै हुनुहुन्थ्यो। यस्तो अवस्था देखेर सैतानले येशूको मनमा अनेक थरीका कुराहरु हालिदिन कोसिस गऱ्यो। येशूसँग सैतानले झूट बोल्दा हरेक समय येशूले "यस्तो लेखिएको छ" भन्दै उच्च स्वरमा सैतानलाई हकार्नुभयो। जब हामी उहाँको यो उदाहरणलाई पछ्याउँछौँ, त्यतिनैखेर हाम्रो विजयी जीवनको सुरुवात हुन्छ।

के आज तपाईँले बोल्ने कुराहरुप्रति ध्यान दिन चाहनुहुन्छ? ध्यान दिनुभयो भने तपाईँले नचाहने कति कुराहरु बोल्नुभयो भनेर थाहा पाउनुहुन्छ। मलाई विश्वास छ, हाम्रो बोलीले हाम्रो जीवनमा भएको शान्ति र आनन्द बढाउन र घटाउन सक्छ। तपाईँलाई कस्तो लाग्छ मलाई थाहा छैन। तर हामीले आफैलाई दुःखी बनाउने कुराहरु भन्दा आफैलाई खुसी बनाउने कुरा बोल्दा राम्रो हुन्छ।

विश्वासमा बोल्नु तपाईंको नयाँ जीवनको एउटा भाग हो, त्यसैले आज नै सुरु गर्नुरहोस्। तल दिइएका वाक्यहरु तपाईंले दिनदिनै दोहोऱ्यउनुहोस्ः

परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ र मेरो जीवनका लागि एउटा असल योजना बनाउनुभएको छ।

म जहाँ गए पनि सबले मलाई रुचाउँछन्।
मैले छुने सबै कुरा फस्टाउँछ र म आफ्नो कार्यमा सफल हुन्छ।
म ज्ञानमा हिँड्छु।
म शान्तिले भरिएको छु।
म आनन्दित छु।
म प्रेममा हिँड्छु।
आज मेरो जीवनमा केही राम्रा कुराहरु हुनेवाला छन्।
मेरा सबै सन्तानले परमेश्वरलाई प्रेम गर्छन् र उहाँको सेवा गर्छन्।
मेरो विवाहित जीवन दिनानुदिन सुध्रिँदै छ।
म जहाँ जान्छु त्यहाँ अरुका निम्ति आशिष लिएर जान्छु।

माथिको सूचिमा अझ बढी वाक्यहरु थप्न सकिन्छ। सधैँ यो याद राख्नुहोस्- तपाईंले जे बोल्दै हुनुहुन्छ ती सबै परमेश्वरको वचनअनुसार हुनुपर्छ। परमेश्वरसँग सम्झौतामा आएर जीवन बिताउँदा तपाईंका लागि एउटा नयाँ संसार खुलेर आउँछ। परमेश्वरको योजना तपाईंको जीवनमा लागू हुन्छ र सैतानले जे गर्न खोजे पनि असफल हुन्छ।

## *अध्याय ७*

# आफैलाई हेर्ने एउटा नयाँ तरिका

तपाईंले आफैलाई कसरी हेर्नुहुन्छ? अथवा तपाईंको विचारमा तपाई को हुनुहुन्छ। तपाईंको मनमा भएको आफ्नो प्रतिविम्ब पैसा थैलीमा राखेको तपाईंको फोटोसँग दाँज्न सकिन्छ। आफ्नो एउटा चित्रण हरेकले हृदयमा राखेको हुन्छ। धेरै वर्ष मैले प्रभुको सेवकाइ गरिसकेँ तर दुःखलाग्दो कुरा के छ भने धेरै व्यक्तिहरुले आफैलाई घृणा गरेको मैले पाएको छु। मेरो आफ्नै जीवनमा फर्केर हेर्दा कैयौं वर्षसम्म मैले पनि आफूलाई घृणा गरेको पाउँछु। मेरो भित्रको यो अन्तर्द्वन्द्वले मसँग सम्बन्धित सबै कुराहरुमा विष हालिदिएको मैले महसुस गरेँ । सत्य कुरा के हो भने परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंले आफैलाई प्रेम गरेको उहाँ चाहनुहुन्छ। यस्तो प्रेम स्वार्थी र आफ्नो फाइदाका लागि होइन, बरु एकदम स्वस्थ हुन आवश्यक छ। सधैँ याद रहोस्, तपाईंसँग नभएको कुरा तपाईंले अरुलाई दिन सक्नुहुन्न। परमेश्वरको प्रेमले हामीलाई चङ्गा पारेको उहाँ चाहनुहुन्छ। त्यसरी नै हामीमा भएको उहाँको प्रेम अरु व्यक्तिहरुमा बगेर गएको उहाँ देख्न चाहनुहुन्छ। यदि तपाईंले परमेश्वरको प्रेम इन्कार गर्नुभयो भने तपाईंले आफैलाई प्रेम गर्न सक्नुहुन्न, साथै अरुलाई पनि प्रेम गर्न सक्नुहुन्न।

के तपाईँले आफ्नो मूल्याङ्कन आफूले गरेको कामका आधारमा गर्नुहुन्छ। यदि यसो पाउनुभएको भए तपाईँले पनि धेरै मानिसहरुले गरझैं गर्नुहुन्छ। यस्तो प्रकारको मूल्या कन गलत हुन्छ किनभने तपाईँले गर्नुभएको काम सधैँ एकनासको हुँदैन। मानिस भएका कारण हामी सिद्ध छैनौं र हामीले जीवनमा गल्तीहरु गर्छौं। हो, हामीलाई सबै कुरा सधैँ ठीक गरेको मनपर्छ तर कतै न कतै गल्ती भइहाल्छ। यस कारण हामीलाई येशूको आवश्यकता छ। हाम्रो कमजोरीमा येशूले शक्ति दर्शाउनुहुन्छ।

परमेश्वरको नजरमा तपाईँ र तपाईँको व्यवहार कुनै आश्चर्य चकित पार्ने कुरा होइन। जब तपाईँलाई उहाँले उहाँसँगको असल सम्बन्धमा आउन निमन्त्रणा दिनुभयो। त्यस समय तपाईँ कस्तो हुनुहुन्छ भन्ने कुरा उहाँलाई थाहा थियो। हामीले गर्ने र गर्नसक्ने हरेक गल्तीहरुका बारेमा परमेश्वरलाई थाहा छ। यी सबै थाहा हुँदा पनि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ। त्यसकारण आफूमाथि कठोर नहुनुहोस्। परमेश्वरको अनुग्रहलाई दिनानुदिन स्वीकार गर्न सिक्नुहोस्। हरेक दिन उठ्नुहोस् र परमेश्वरको महिमाका लागि आफूले सकेसम्म राम्रो किसिमले आफूलाई चलाउनुहोस्। तपाईँले उहाँलाई प्रेम गर्ने भएकाले आफ्नो सबैभन्दा राम्रो कुरा उहाँलाई दिनुहोस्। यो गर्नुको कारण उहाँको प्रेम पाउनलाई होइन। उहाँले त तपाईँलाई तपाईँले चाहेभन्दा बढी प्रेम गर्नुहुन्छ। तपाईँका लागि उहाँको प्रेम सिद्ध छ। हरेक दिनको अन्त्यमा दिनभरमा जानेर वा नजानेर गरेका पापका लागि परमेश्वरसँग क्षमा माग्नुहोस्, ढुक्कसँग निदाउनुहोस् र भोलिपल्ट एउटा नयाँ ताजा दिनको सुरुवात गर्नुहोस्।

सैतानले सधैं तपाईंको विरोध गर्छ तर परमेश्वर सदैव तपाईंका मित्र हुनुहुन्छ। तपाईं पनि परमेश्वरसँग हुनुहोस्। जब परमेश्वर र तपाईं मिल्नुहुन्छ, तपाईंले कल्पनाबाहिरको शक्ति पाउनुहुन्छ। तपाईं परमेश्वरको नजरमा असाध्यै बहुमूल्य हुनुहुन्छ र तपाईंसँग यस्ता वरदानहरु छन् जसद्वारा उहाँको महिमा हुन सक्छ। तपाईंसँग भएका गलत कुराहरुलाई मात्र नहेर्नुहोस्। अब कहाँसम्म जानु छ भनेर मात्र नहेर्नुहोस्, कहाँसम्म आइसक्नुभयो त्यो पनि विचार गर्नुहोस्। तपाईं अब ख्रीष्ट विश्वासी हुनुहुन्छ। यही नै तपाईंको जीवनमा हुनसक्ने सबै उत्कृष्ट कुराहरुको सुरुवात हो।

## धार्मिकताको अर्थ

धार्मिकता भन्नाले परमेवरसँग ठीक हुनु भन्ने अर्थ लाग्छ। योशूमा विश्वास गर्ने मानिसले धार्मिकता प्राप्त गर्छ कुनै काम वा कर्मले होइन। यो परमेवरले हामीलाई दिने एउटा उपहार हो। यस्तो उपहार हामीले उहाँमा विश्वास गरेपछि पाउँछौं।

> बाइबलमा धेरै पदहरुले यसको पुष्टि गर्छन्। बाइबलको एउटा पद तल दिइएको छ:
>
> हामी उहाँमा परमेश्वरका धार्मिक बन्न सकौं भनेर पाप नचिन्नेहरुलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।
>
> –२ कोरिन्थी ५:२९

धार्मिक बन्न सक्नुको अर्थ हामीलाई परमेश्वरले असल उदाहरण बन्नका लागि स्वीकृति दिनुभएको छ। उहाँको महानताको कारण हामी उहाँसँग

ठीक सम्बन्धमा आउँछौँ। कस्तो अचम्मको वचन। ख्रीष्ट पापरहित हुनुहुन्थ्यो (र हुनुहुन्छ) तर हामीलाई प्रेम गर्नुभएको कारण हाम्रो पाप उहाँले लिनुभयो अनि हाम्रो र परमेश्वरको सम्बन्ध ठीक गराउनुभयो। हामीले येशूलाई मुक्तिदाता भनेर स्वीकारेका कारण हाम्रो र परमेश्वरबीचको सम्बन्ध फेरि सुरु भएको छ र परमेश्वरले त्यसलाई स्वीकृत गर्नुका साथै मन्जुर पनि गरिदिनुभएको छ। कस्तो अचम्म।

परमेश्वर रिसाउनु भएको छ र बेखुसी हुनुहुन्छ भन्नुको साटो हामी आज येशू ख्रीष्टमा उहाँका अघि हामीलाई स्वीकार्नु भएको छ भन्ने विश्वासमा खडा हुन सक्छौँ।

> यसैकारण व्यवस्थाको कमीले कोही प्राणी उहाँका दृष्टिमा धर्मी ठहरिनेछैन, किनभने व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।
>
> – रोमी ३:२०

> येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ।
>
> – रोमी ३:२२

> हामी जन्मैका यहुदी हौं र अन्य जाति जस्तै पापी होइनौं र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन। येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ। यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौँ ताकि हामी व्यवस्थाका कामद्वारा

धर्मी ठहरिन सकौं, किनभने व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन।

–गलाती २:१६

येशू ख्रीष्टमा भएको तपाईंको विश्वासद्वारा तपाईंले आफूलाई परमेश्वरअघि धार्मिक देख्नु तपाईंको आत्मिक वृद्धिका लागि अति अनिवार्य छ। यस्तो देख्न सक्नु परमेश्वरको वरदान हो। यदि हामीले आफूलाई नराम्रो देख्छौँ र परमेश्वर हामीसँग रिसाउनुभएको छ कि भन्ने विचार लिएर हिँड्छौं भने हामी कहिल्यै पनि परमेश्वरले चाहनु हुने बाटोमा हिँड्न सक्दैनौँ र त्यसरी हिँड्न सक्ने शक्ति पनि गुमाउँछौँ। येशूमा विश्वास गरेका कारण सैतानमाथि हाम्रो अधिकार त छँदै छ तर जब हामी परमेश्वरअघि उभिन्छौँ हामीले धार्मिकताको पहिरन पहिरेका हुन्छौँ। हामी दोष र निन्दाबाट स्वतन्त्र भइसकेका छौँ त्यसकारण त्यस्ता पहिरनले हामीलाई परमेश्वरका अघि शोभा दिँदैनन्।

एफिसी ६ अध्यायमा उल्लेख गरिएअनुसार हामीले धार्मिकताको छातीपाता लगाउनुपर्छ। एउटा सिपाहीको छातीपाताले उसको मुटुलाई जोगाउने काम गर्छ। त्यसो भए आफ्नो बारेमा के विचार छ? आफ्नो कुन कुरामा तपाईं विश्वास गर्नुहुन्छ? के तपाईं परमेश्वरको अघि ठीक हुनुहुन्छ भनेर विश्वासको नजरद्वारा पत्याउनुहुन्छ? यदि तपाईंले आफ्नो नजर येशू ख्रीष्टमा लगाइराख्नुहुन्छ र उहाँले तपाईंका लागि गर्नुभएको असल कार्य सम्झनुहुन्छ भने तपाईंले आफ्नो गल्तीलाई भुल्न सक्नुहुन्छ र धार्मिक तुल्याइनुभएको छ भनेर विश्वास गर्न सक्नुहुन्छ। तपाईंले अवश्य गल्तीहरु गर्नुहुन्छ तर त्यसैमा भुलेर नबस्नुहोस्। तुरुन्तै पश्चात्ताप गर्नुहोस्, परमेश्वरबाट

क्षमा माग्नुहोस् र असल बाटोमा हिँड्नुहोस्। धार्मिकतामा हिँड्न सकिने एकमात्र उपाय यही हो। हामी हाम्रो धार्मिकतामा जिउन सक्दैनौं किनभने त्यो झुत्रो र मैलो छ। येशू ख्रीष्टद्वारा परमेश्वरले हामीलाई दिनुभएको धार्मिकतामा हामीले हिँड्नुपर्छ।

यो नयाँ आचरणले तपाईंले पाउनुभएको नयाँ जीवनमा थप ऊर्जा प्रदान गर्छ।

## आफैमा रमाउने

अब तपाईं आफैमा रमाउन सक्नुहुन्छ। परमेश्वरको इच्छा पनि यही हो। अरुले भनेको आधारमा तपाईंले आफ्नो योग्यता र मोलको तय नगर्नुहोस्। तपाईंलाई मानिसहरुले कसरी व्यवहार गर्छन् र तपाईंले के के उपलब्धि हासिल गर्नुभएको छ? त्यसका आधारमा पनि आफूलाई नजोख्नुहोस्। परमेश्वरले तपाईंलाई यति बहुमूल्य सम्झनुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र तपाईंका निम्ति बलि हुन पठाउनुभयो। यो स्वयं तपाईंका लागि रमाउने कारण हो।

बाइबलले हामीलाई सधैं रमाउनु भनेर सिकाउँछ तर यदि हामी आफै रम्न सक्दैनौं भने कसरी रमाउने? तपाईं आफैबाट कहिल्यै टाढा जान सक्नुहुन्न। प्रयास गरेर हेर्नुहोस्, एक सेकेन्ड पनि आफूबाट टाढा रहन सक्नुहुन्न। यदि तपाईं आफैमा रम्न भने तपाईंको जीवन दयनीय हुन्छ।

मजस्तै तपाईं पनि अरु व्यक्तिहरुभन्दा फरक हुन सक्नुहुन्छ। तर त्यो ठीकै छ। परमेश्वरले व्यक्ति व्यक्तिहरुलाई भिन्नाभन्नै बनाउनुमा पनि कारण छ। हामी सबै फरक छौं। परमेश्वरलाई विविधता मनपर्छ। तपाईं अस्वाभाविक

हुनुहुन्न। तपाई अद्वितीय र मौलिक हुनुहुन्छ। तपाईँ कुनै कुराको नक्कल हुनुहुन्न। त्यसकारण तपाईँ एकदम बहुमूल्य हुनुहुन्छ।

अरुसँग दाँज्ने काम नगर्नुहोस्। यसले तपाईँको जीवनमा अस्वस्थ प्रतिस्पर्धा ल्याउँछ (२ कोरिन्थी १०:१२)। तपाईँ जो हुनुहुन्छ त्यसमा रमाउनुहोस्। कतिपय कुराहरुमा हामीले आफैलाई परिवर्तन गर्नुपर्छ। पवित्र आत्माले तपाईँमा पूर्ण रुपले रुपान्तरण ल्याउनमा तपाईँलाई सहायता गरिरहनुहुन्छ। असल खबर त यो हो- त्यो रुपान्तरण हुँदै गर्दा तपाई आफ्नो जीवनमा रमाइरहन सक्नुहुन्छ।

# *अध्याय ८*

# डरको साटो विश्वास

डर के हो र डराउँदाको अनुभव कस्तो हुन्छ भनेर हामी सबैलाई थाहा छ। डरले सताउँछ र जीवनमा प्रगति गर्न बाधा दिन्छ। डराउँदा हामी काप्छौं र पसिना आउँछ। हामी कमजोर बन्छौँ र हामीले भिड्नुपर्ने कुराहरुबाट हामी भाग्छौँ।

डर परमेश्वरबाट होइन, डर हामीलाई असल र लाभदायक जीवन जिउनबाट वञ्चित गराउने सैतानको एउटा हतियार हो (२ तिमोथी १:७)। परमेश्वर हामीले विश्वासमा जिएको चाहनुहुन्छ। शक्ति, ज्ञान र असल कुराहरुमा आफ्नो पूरा व्यक्तित्व नै समर्पण गर्नु र उहाँमा पूर्ण तरिकाले भरोसा गर्नु नै परमेश्वरको विश्वास हो। हामीले देख्न नसक्ने कुराहरुको प्रमाण र वास्तविकताको दृढता हो विश्वास।

विश्वास आत्मिकी क्षेत्रमा पर्छ। हुन सक्छ तपाईंले जे देख्नुहुन्छ त्यसमा मात्र विश्वास गर्नुहुन्छ। तर परमेश्वरका छोरा या छोरी भएपछि आँखाले देख्न नसकिने कुरामा जिउन सुरु गर्नुपर्छ। हामीले परमेश्वरलाई देख्दैनौँ किनभने उहाँ आत्मा हुनुहुन्छ। तर पनि हामीले उहाँमा दृढ विश्वास गर्छौं।

साधारणतया हामीले स्वर्गदूतहरु पनि देख्दैनौँ। तर हाम्रावरिपरि स्वर्गदूतहरु छन् भनेर परमेश्वरको वचन (बाइबल) ले भन्छ। यदि हामीले हाम्रो विश्वास परमेश्वर र उहाँको वचनमा राख्यौँ भने हामी आत्मिकी क्षेत्रमा प्रवेश गर्न सक्छौँ र परमेश्वरबाट ती कुराहरु प्राप्त गर्न सक्छौँ जुन कुराहरुमा उहाँले हामी रमाएको देख्न चाहनुहुन्छ।

हाम्रा परिस्थितिहरुतिर ध्यानाकर्षण गराउन सैतानले हामीलाई हाम्रो भविष्य देखाएर तर्साउन खोज्छ। त्यसका विपरीत परमेश्वरले हामीलाई उहाँमा विश्वास गरेर उहाँ परिस्थितिहरुभन्दा धेरै महान् हुनुहुन्छ भन्ने कुरा र सैतानका धम्कीहरु कुनै कामका छैनन् भन्ने तथ्यमा ध्यानाकर्षण गराउन चाहनुहुन्छ।

बाइबलमा यस्ता घटनाहरु धेरै छन् जसमा मानिसहरुले आपूलाई अप्ठ्यारा परिस्थितिहरुमा पाए। फलस्वरुप तिनीहरु अत्यन्तै त्रसित भए। तर त्यस्ता अवस्थाहरुमा पनि तिनीहरुले परमेश्वरमा भएको विश्वास छाडेनन्। परिणामस्वरुप तिनीहरुले गौरवपूर्ण उद्धार पाए। तपाईँ ख्रीष्ट विश्वासी भए तापनि तपाईँको जीवन डर र त्रासले भरिएको हुन सक्छ। यदि तपाईँले परमेश्वरमा विश्वास गर्न निश्चय गर्नुहुन्न भने यस्ता डर र त्रासका कुराहरु हटेर जाँदैनन्। तपाईँले येशूमा विश्वास गरेर ग्रहण गर्नुभयो। त्यसैले अब तपाईँले विश्वासमा जिउन सिक्नुपर्छ।

> किनभने सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जो सम्पूर्ण रुपले विश्वासद्वारा नै आउँछ (जुन विश्वासद्वारा प्रकट भएको छ र अझ बढी विश्वासमा परिणत हुन्छ)।

यस्तो लेखिएको छः "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।"
– रोमी १:१७

जसै तपाईंले परमेश्वरको प्रेमलाई बुझ्दै जानुहुन्छ तपाईंले थाहा पाउनुहुन्छ- तपाईं परमेश्वरमा येशू ख्रीष्टको मरण र बौरी उठाइबाट सिद्ध तुल्याइनुभएको छ। फलतः तपाईंलाई विश्वासमा हिँड्न सजिलो हुन्छ। परमेश्वरमा विश्वास गरेपछि उहाँले हाम्रो हेरचाह गर्नुहुन्छ भन्ने अडानमा हामी जिउन सक्छौँ। त्यसपछि सबै हामीले गर्नुपर्छ भन्ने धारणा पनि हामीबाट हटेर जान्छ।

साहसी हुनु भनेको डर हट्नु होइन बरु डरसँग भिड्ने शक्ति हुनु हो। परमेश्वरले उहाँका सेवकहरुलाई नडराउने आज्ञा दिनुभयो तर उहाँले डर महसुस नै नगर्नू भन्नुभएको होइन। जस्तै अवस्थामा पनि उहाँमा आज्ञाकारी हुनू भन्ने उहाँको मनसाय हो। डरको आत्माले हामीलाई अघि बढ्नबाट रोक्छ भन्ने कुरा परमेश्वरलाई थाहा छ। उहाँ हामीसँग सधैँ हुनुहुन्छ भन्ने कुरा बाइबलले हामीलाई धेरै पटक बताउँछ। त्यसकारण हामीले डरको अगाडि झुक्नुपर्ने आवश्यकता छैन।

संयुक्त राज्य अमेरिकाका भूतपूर्व राष्ट्रपति फ्रान्कलिन डेस्नानो रुजवेल्टकी श्रीमती एलनोर रुजवेल्टले यसरी भनिन् "यदि तपाईंले हरेक पटक डरलाई सामना गर्नुहुन्छ भने त्यसको अनुभवद्धारा तपाईंले शक्ति, साहस र अत्मविश्वास हासिल गर्न सक्नुहुन्छ। तपाईंले जे काम गर्न सक्नुहुन्न जस्तो लाग्छ त्यही काम गर्नुहोस्।"

"बलिया र साहसी होओ। यिनीहरुसित नडराओ र त्रसित नहोओ।

किनभने परमप्रभु तिमीहरुका परमेश्वर नै तिमीहरुसँग जानुहुन्छ। उहाँले तिमीहरुलाई कहिल्यै छाड्नुहुनेछैन न त त्याग्नुहुने नै छ।"

– व्यवस्था ३१:६

विश्वासद्वारा मात्र परमेश्वर खुसी हुनुहुन्छ। हामीले केवल विश्वासद्वारा परमेश्वरले हामीलाई दिन चाहने कुराहरु प्राप्त गर्न सक्छौँ। त्यसकारण नयाँ ख्रीष्ट विश्वासीलाई विश्वासका बारेमा सिक्नु र विश्वासमा हिँड्न थाल्नु एकदम आवश्यक छ। जसरी अभ्यासद्वारा शरीरका मांसपेशीहरु बढ्दै जान्छन् त्यसै गरी हाम्रो विश्वास पनि निरन्तर अभ्यासद्वारा बढ्दै जान्छ। बिस्तारै विश्वासमा जिउन अभ्यास गर्दै जानुहोस् र हरेक पटक त्यसको वृद्धि हुँदै जान्छ।

परमेश्वरमा विश्वास गर्ने व्यक्तिका लागि सबै कुरा सम्भव छन् भनेर मत्ती १७:२० मा लेखिएको छ। थोरै विश्वासले पनि तपाईंको जीवनमा भएका समस्याका ठूलाठूला पहाडहरु हटाउन सक्नुहुन्छ। हुन सक्छ तपाईंले आफ्नो जीवनमा भएका समस्याहरु हटाउनका लागि धेरै समय खर्च गरिसक्नुभएको होस्। यस्तो हुँदा पनि समस्याहरुको हल नपाएर हार खानुभएको र निराश पनि हुनुभएको होला। त्यो हो भने तपाईं एउटा नयाँ अनुभवको तयारीमा हुनुहुन्छ। अब तपाईं परमेश्वरसँग कुरा गर्नुहोस् (प्रार्थना गर्नुहोस्) र उहाँलाई हरेक क्षेत्रमा भाग लिन निन्त्रणा गर्नुहोस्। मानिसका लागि जे असम्भव हुन्छ त्यो परमेश्वरमा सम्भव छ।

तपाईंको विश्वासको आधारमा तपाईंका कामहरु हुन आउनेछन् (मत्ती ९:२९)। अहिलेसम्मको जीवन तपाईंले डरमा बिताउनुभएको होला। अब

समय आइसक्यो, डरको साटो परमेश्वरमा विश्वास गर्नुहोस्। नयाँ तरिका सिक्न केही समय लाग्न सक्छ तर हतास नहुनुहोस्। पृथ्वीमा सबै पदार्थ विकासशीलताको नियममा आधारित छन्। बिस्तारै परमेश्वरमा हाम्रा कुराहरु परिवर्तन हुँदै जान्छन्। यदि हामीले उहाँका आज्ञाहरु पालन गऱ्यौँ भने हाम्रो दिनानुदिन वृद्धि हुँदै जान्छ।

# अध्याय ९

# जीवनमा रमाउनुहोस् !

चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरुले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ।

– युहन्ना १०:१०

तपाईंले जीवनमा आनन्द लिनका लागि येशूले आफ्नो प्राण दिनुभयो। यसको अर्थ तपाईंले जे खोज्नुहुन्छ र जे माग्नुहुन्छ त्यही पाउनुहुन्छ र कुनै अप्ठ्यारो हुँदैन भन्ने होइन। बरु तपाईं आफ्ना दुःखभन्दा माथि उठ्नुहुन्छ र पवित्र आत्माद्वारा परमेश्वरमा पुनरुत्थानको जीवन जिउन सक्नुहुन्छ भन्ने यसको अर्थ हो।

हाम्रो वास्तविक जीवन परमेश्वरमा जिउनुपर्छ, अर्थात् हाम्रो वास्तविक जीवन उहाँमा छ। हामी उहाँमा जिउँछौं, हिँडडुल गर्छौं र हाम्रो सर्वस्व उहाँमा छ। परमेश्वरमा आनन्द लिँदा हामी उहाँमा स्वतन्त्र हुन्छौं र हाम्रा हरेक दिनको जीवनमा रमाउन सक्छौं। परमेश्वरसँगको सङ्गतिमा रमाउनुहोस्। तपाईंले जे कुरासँग वास्ता राख्नुहुन्छ ती सबैसँग परमेश्वरले पनि चासो देखाउनुहुन्छ। बाइबलमा यस्तो लेखिएको छ- जे कुरामा तपाईंको

चासो छ, त्यसलाई परमेश्वरले सिद्ध तुल्याउनुहुन्छ। उहाँले तपाईंको जीवनमा हरेक पलमा काम गर्दै हुनुहुन्छ। यही असल कार्यद्वारा उहाँले तपाईंलाई उहाँको इच्छामा पूर्ण गराउँदै ल्याउनुहुन्छ।

गलत तरिकाले परमेश्वरको डर नमान्नुहोस्। उहाँप्रति आदरपूर्ण डर हामीमा हुनु एकदम आवश्यक छ। यसको अर्थ के हो भने हामीले उहाँलाई आदर गर्छौं र उहाँ सर्वशक्तिमान् हुनुहुन्छ भनी स्वीकार गर्छौं। अनि उहाँले जे बोल्नुहुन्छ त्यो गर्नुहुन्छ भनी विश्वास गर्छौं। हामीले गल्ती गर्ने हरेक समयमा परमेश्वर हामीसँग रिसाउनुहुन्छ र हामीलाई दण्ड दिनुहुन्छ भनी हामीले सोच्नुहुँदैन। परमेश्वर दयालु हुनुहुन्छ र रिसाउनमा ढीलो हुनुहुन्छ। उहाँ धैर्य गर्नुहुन्छ र हाम्रो बनावटलाई बुझ्नुहुन्छ। हाम्रा कमजोरी र अशक्तता उहाँले जान्नुहुन्छ।

यदि हामी अरुजस्तै साधारण व्यक्ति हौं भने हामीमा परिवर्तन हुनुपर्ने धेरै क्षेत्र हुन सक्छन् परमेश्वरले सबै परिवर्तन ल्याउनुहुन्छ। खुसीको खबर-तपाईंले यो कार्य हुँदै गर्दा आफ्नो जीवनमा आनन्द मनाउँदै जान सक्नुहुन्छ।

जुन जीवन तपाईंले जिउँदै हुनुहुन्छ त्यही जीवन लिएर अन्त गर्न चाहनुहुन्न होला। तर यो जीवनबाहेक यस वर्तमान अवस्थामा अरु कुनै जीवन पाउन सक्नुहुन्न। यसर्थ आनन्द मनाउनुहोस्। यसै जीवनमा भएका असल कुराहरुको खोजी गर्नुहोस्। सकारात्मक कुराहरुलाई प्राथमिकता दिनुहोस् र सबैमा भएका राम्रा राम्रा कुराहरुलाई हेर्नुहोस्। परिवार र मित्रहरुसँग आनन्द मनाउनुहोस्। एक एक जनालाई छुटाएर तिनीहरुलाई बदल्ने कोसिसमा व्यस्त नहुनुहोस्। सबैका लागि प्रार्थना गर्नुहोस् र तिनीहरुको रुपान्तरणका लागि परमेश्वरको जिम्मामा छोडिदिनुहोस्।

कामममा रमाउनुहोस्, घरमा रमाउनुहोस् र साधारण जीवनमा पनि रमाउनुहोस्। यदि परमेश्‍वरमा विश्‍वास गर्नुहुन्छ र राम्रो आचरण धारण गर्ने निश्‍चय गर्नुहुन्छ भने यी सबै सम्भन छन्। आफ्ना आँखाहरु परमेश्‍वरमा केन्द्रित राख्नुहोस्। आफूमा, आफ्नो जीवनमा, परिवारमा र संसारमा भएका गलत कुराहरुबाट आफ्ना आँखाहरु हटाउनुहोस्। तपाईंका निम्ति परमेश्‍वरको ठूलो उद्देश्य छ र त्यो कार्य तपाईंको जीवनमा उहाँले सुरु गरिसक्नुभएको छ। समय आउनुअघिबाटै पछि हुन आउने कुराहरुका लागि रमाउनुहोस्।

धेरै मानिसहरुले आफ्ना जीवनमा समस्याहरु रहुन्जेलसम्म रमाउनै नसक्ने धारणा राख्छन् तर यो गलत हो। विगतमा गरेका गल्तीहरुलाई सम्झेर नरमाइलो मान्दै त्यसमै भुल्ने काम कहिल्यै नगर्नुहोस्। येशू ख्रीष्टमा भएको महान् र नयाँ भविष्यका बारेमा सोच्दै अघि बढ्नुहोस्। तपाईंले जुन कुरामा रमाउनलाई निश्‍चय गर्नुहुन्छ, त्यसमा रमाउन सक्नुहुन्छ। यदि तपाईं ट्राफिक जाममा फस्नुभयो र त्यसमा पनि आनन्द मनाउन निश्‍चय गर्नुहुन्छ भने त्यो अवश्य गर्न सक्नुहुनेछ। स्मरण रहोस्; मैले तपाईंलाई नयाँ जीवन जिउने तरिका सिकाउँदै छु। यो नयाँ जीवन जिउन सक्नुमा तपाईंको आचरण (मनोवृत्ति) ले एकदमै ठूलो भूमिका खेल्छ।

मैले पनि जुनसुकै ठाउँमा रहँदा र कुनै ठाउँतिर जाँदा रमाउन सिकेको छु। तपाईंलाई पनि म यस्तो तरिका अपनाउन आग्रह गर्छु। परमेश्‍वरले तपाईंको जीवनमा धेरै कार्यहरु गर्न चाहनुहुन्छ। यी कार्यहरु गर्दा तपाईं दुःखित र दिक्क मानेर बसेको हेर्न उहाँ चाहनुहुन्न। स-साना बालक-बालिका ठूलो भएझैं ख्रीष्ट विश्‍वासीहरु पनि विकसित हुँदै जानुपर्छ। हामीले

सोचेको समयभन्दा बढी समय यो बढ्ने प्रक्रियामा लाग्छ। यसकारण जीवनको यात्रामा दुःखित भएर बस्दा कुनै उपलब्धि हुँदैन।

परमेश्वरले तपाईँ आजै सिद्ध भएको आशा गर्नुहुन्न। वास्तवमा परमेश्वर के जान्नुहुन्छ भने तपाईँ संसारमा रहुन्जेलसम्म सिद्ध हुनै सक्नुहुन्न। तर सबै सिद्धतातर्फ प्रयास गर्दै गएको उहाँ चाहनुहुन्छ। हामीले पनि हरेक नयाँ दिनमा परमेश्वरको सेवामा आफ्ना भूलहरुलाई स्वीकारेर, उहाँसँग पापको क्षमा मागेर पुरानो जीवनबाट फर्केर आउनुपर्छ। यदि हामीले यसो गऱ्यौं भने बाँकी काम परमेश्वरले गर्नुहुनेछ। पवित्र आत्माद्वारा परमेश्वरले हाम्रो जीवनमा उहाँको काम गर्दै जानुहुन्छ। उहाँले हामीलाई सिकाउँदै जानुहुन्छ, परिवर्तन गर्दै जानुहुन्छ र चलाउँदै जानुहुन्छ।

तपाईँले नयाँ जीवनमा पाइला टेकिसक्नुभएको छ। मलाई विश्वास छ तपाईँ कहिल्यै फर्केर पुरानो जीवनमा जानुहुनेछैन। यो नयाँ जीवन चुन्नु भएकोमा तपाईँ कहिल्यै दुःखी हुनुहुनेछैन भनेर म विश्वस्त छु। परमेश्वरमा रमाउनुहोस्, आफैमा रमाउनुहोस् र येशू ख्रीष्ट बलि भएर तपाईँलाई दिनुभएको जीवनबाट आनन्द लिनुहोस्।

# उद्धारको लागि प्रार्थना

*पिता परमेश्वर म तपाईंलाई प्रेम गर्छु। म तपाईंमा विश्वास गर्छु। आज मेरा सबै पापहरु क्षमा गरिदिनुहोस्। येशू, म तपाईंमा विश्वास गर्छु। म विश्वास गर्छु तपाईं मेरो खातिर क्रूसमा मर्नुभयो, तपाईंले तपाईंको दोषरहित रगत मेरा लागि बगाउनुभयो र मैले पाउनुपर्ने दण्डको साटो तपाईंले दण्ड लिइदिनुभयो। तपाईं मर्नुभयो तेस्रो दिनमा गाडिनुभयो र बौरी उठ्नुभयो भनी विश्वास गर्छु। मृत्युले तपाईंलाई बन्धनमा राख्न सकेन। तपाईंले सैतानलाई हराउनुभयो अनि तरक र मृत्युको चाबी उसका हातबाट खोस्नुभयो। तपाईंले यो मेरा लागि गर्नुभयो किनभने तपाईंले मलाई प्रेम गर्नुहुन्छ। म ख्रीष्ट विश्वासी (ख्रीष्टियन) हुन चाहन्छु। मेरो जीवनैभरि तपाईंको सेवा गर्न चाहन्छु। तपाईंले प्रतिज्ञा गर्नुभएको नयाँ जीवन जिउनका निम्ति सिक्न चाहन्छु। म तपाईंलाई ग्रहण गर्छु येशू, आफूलाई तपाईंको शरणमा सुम्पन्छु। म जस्तो छु त्यस्तै लिनुहोस् र तपाईंको अनुसारको व्यक्ति मलाई बनाउनुहोस्।*

*मलाई बचाउनुभएकोमा येशू। तपाईंलाई धन्यवाद। तपाईंको पवित्र आत्माले मलाई भर्नुहोस् र मैले सिक्नुपर्ने सबै कुराहरु मलाई सिकाउनुहोस्। म*

*बचाइसकिएको छु भन्ने कुरामा म विश्वास गर्छु। म नयाँ गरी* जन्मिसकेँ, *अब म मरे पनि स्वर्गमा जानेछु। पिता परमेश्वर। आजदेखि उता म मेरो जीवनको यात्रामा रमाउनेछु र तपाईंको महिमाको निम्ति बँच्नेछु।*

# स्रोतका लागि केही सुझावहरु

तपाईंले जीवनमा सिक्न अनि बढ्नका लागि उपयुक्त धेरै स्रोतहरु मसँग छन्। तपाईंले हामीसँग स्रोत सामग्राी हाम्रो क्याटालोगद्वारा अर्डर गर्न सक्नुहुन्छ। हाम्रो मासिक पत्रिका पनि उपलब्ध छ। यो पत्रिका हामी तपाईंलाई केही महिनाका लागि सित्तैमा पठाउन सक्छौं।

*Battlefield of the Mind* र *How to Succeed at Being Yourself* जस्ता किताबहरु तपाईंको वृद्धिका लागि उपयुक्त छनु। *The Word, The Name, The Blood* नामक किताबले तपाईंलाई आफ्नो जीवनको जग दह्रो बनाउन सहायता पुऱ्याउँछ। यस पुस्तकले तपाईंका लागि येशूले के गर्नुभयो र अहिले तपाईंलाई उपलब्ध शक्तिका बारेमा खुलस्त गराउँछ। त्यसै गरी *Pressing In and Pressing On* अनि *The Mouth* नामक श्रव्यदृश्य चक्काले तपाईंको बोलीको शाक्तिका बारेमा थप ऊर्जा दिनेछ।

अझ बढी स्रोतहरुका निम्ति हाम्रो अफिसमा सम्पर्क गर्नुहोला। सधैँ सम्झनुहोस् परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ र हामी पनि तपाईंलाई प्रेम गर्छौं।

# लेखिकाको परिचय

बाइबलको व्यावहारिक शिक्षा दिने अग्रप क्तिका बाइबल शिक्षकहरुमध्ये एक जॉयस मेयर पनि हुन्। न्यु योर्क टाइम्सका अत्यधिक बिक्री हुने पुस्तककी लेखिका जॉयस मेयरले ७० भन्दा बढी प्रेरणादायक पुस्तकहरु लेखेकी छन्। यीमध्येका The Confident Woman; Look Great, Feel Great; Battlefield of the Mind शृ खलाका पुस्तकहरु र अरु पुस्तकहरु उपलब्ध छन्। उनको  Enjoying Everyday Life ® नामक रेडियो तथा टि.भि. कार्यक्रम संसारका अधिकांश ठाउँहरुमा प्रसारण हुँदै आएको छन्। हालमा जॉयस संसारभर ठूला ठूला सभाहरुमा शिक्षा दिने कार्यमा व्यस्त रहन्छिन्। जॉयस र उनका पति डेभका चारजना पाका छोराछोरी छन् र उनीहरु सेन्ट लुई, मिसुरीमा बस्छन्।

थप जानकारीका लागि हामीलाई सम्पर्क गर्ने ठेगाना
पो.ब.नं. ८९७५, इ.पि.सि. ४६९
काठमाडौं, नेपाल

हामीसँग पत्राचार गर्नुहुँदा कृपया आफ्नो साक्षीका साथै यस पुस्तकबाट पाउनुभएका सहायताको बारेमा लेख्नुहोला। प्रार्थनाका विषयहरु पनि पठाउन नभुल्नुहोला।

To contact the author in the United States, please write:
Joyce Meyer Ministries
P.O. Box 655,
Fenton, Missouri 63026
or call: (636) 349-0303
or log on to: www.joycemeyer.org

To contact the author in India, please write:
Joyce Meyer Ministries
Nanakramguda,
Hyderabad - 500 008
or call: 2300 6777
or log on to: www.jmmindia.org

# तपाईंले अनन्तको जीवन कहाँ बिताउनुहुन्छ?



आज हुने कुराहरु र केही महिनापछि हुनसक्ने कुराहरुका बारेमा मात्र प्रायः व्यक्तिहरुले वास्ता राखेको पाइन्छ। बढीमा कामबाट अवकाश लिएपछि हुनसक्ने कुराका बारेमा वास्ता गर्लान्। तर मृत्युपछिको जीवनका बारेमा केही सोच्छन्? के तपाईं मृत्युपछिको जीवनका लागि तयार हुनुहुन्छ?

तपाईंको शरीर मरेर गए पनि आत्मा अनन्तसम्म बाँचिरहन्छ। तपाईंको आत्मा स्वर्गमा जान्छ वा नरकमा जान्छ भनेर तपाईंको आजको छनोटले तय गर्छ। यस पुस्तकमा परमेश्वरले बनाएको उद्धार योजना र हामीले लिनुपर्ने ठीक निर्णयका बारेमा लेखिका जॉयस मेयरले व्याख्या गरेकी छन्।

यस पुस्तकमा लेखिकाले तल उल्लेख गरिएका बुँदाहरुलाई प्रेम र धैर्यकासाथ सिकाउँछिन्ः

- येशूको जीवनी र उहाँको महत्व
- विश्वास हृदयबाट हुन्छ, मस्तिष्कमा होइन
- येशूलाई ग्रहण गर्नका लागि हामीले विश्वास गर्नुपर्ने कुराहरु
- नयाँ जीवन सुरु गर्ने तरिका

अब ढिलो नगर्नुहोस्। **जिउने एउटा नयाँ तरिकाको** बारेमा खोजी गर्ने समय यही हो।

JOYCE MEYER MINISTRIES® | Nanakramguda, Hyderabad - 500 008